संघर्ष, स्वाभिमान र स्वावलम्बन

सहारा टाइम्स


SAHARA TIMES NATIONAL FORTNIGHTLY

www.saharatimes.com.np

राष्ट्रिय पाक्षिक

● वर्ष १४, ● पूर्णाङ्क २९४, ● अंक १० ● २०७९ साल माघ १६-२९ गते (30 January, 12 February, 2023) ● मूल्य रु. १०

# राष्ट्रपतिका 'किङगमेकर' !



◆◆◆

**अगामी फागुनमा हुने राष्ट्रपति चुनावमा तीन ठूला दल विभाजित हुने खतरा बढेको छ। यसमा तराई मधेश केन्द्रीत दल उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी नेपाल, महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी नेपाल, डा.सिके राउत नेतृत्वको जनमत पार्टी र रेशमलाल चौधरीले स्थापना गरेको नागरिक उन्मुक्ति पार्टीले थोरै मात्र खेल्दियो भने मधेश तथा थरुहटका साझा मागहरु पुरा हुने अवस्था देखिएको छ तर त्यसका लागि यी दलहरु एक ठाउँमा आउनुपर्छ**

◆◆◆

◆◆◆

**जनमत पार्टीका अध्यक्ष सिके राउतले पनि तराई मधेशमा मोर्चाबन्दीको आवश्यकता रहेको बताउँदै मधेशमा रहेको दलहरुको बीचमा गठबन्धनको लागि पहल हुनुपर्ने बताउनुभयो। जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टीबीच गठबन्धन बनिसकेको छ। यता, पुस २६ गते प्रधानमन्त्री प्रचण्डले विश्वासको मत लिइसकेपछि काँग्रेसको पनि चुरीफुरी बढेको छ। विश्वासको मत दिएको बदलामा राष्ट्रपति पाउने र त्यस विषयमा माओवादी केन्द्रसँग पनि सहमति भइसकेको छ भनि छनक दिने गरि काँग्रेसले त्यसको तयारी थालेको छ**

◆◆◆

एकपटक फेरि तराई मधेश केन्द्रीत दलको कोटमा बल गएको छ। यसलाई राम्रोसँग सदुपयोग गर्न सकियो भने तराई मधेश तथा थरुहटका सबै माग पुरा हुने अवस्था सृजना भएको छ। काँग्रेस, एमाले, माओवादी केन्द्रले पटक पटक तराई मधेशवादी केन्द्र दलहरुलाई तोडेर आफ्नो राजनीतिक स्वार्थका रोटी सेकेका छन् तर यसपटक मधेश केन्द्रीत दललाई सो मौका प्राप्त भएको छ।

अगामी फागुनमा हुने राष्ट्रपति चुनावमा तीन ठूला दल विभाजित हुने खतरा बढेको छ। यसमा तराई मधेश केन्द्रीत दल उपेन्द्र यादव नेतृत्वको जनता समाजवादी पार्टी नेपाल, महन्थ ठाकुर नेतृत्वको लोकतान्त्रिक समाजवादी पार्टी नेपाल, डा.सिके राउत नेतृत्वको जनमत पार्टी र रेशमलाल चौधरीले स्थापना गरेको नागरिक उन्मुक्ति पार्टीले थोरै मात्र खेल्दियो भने मधेश तथा थरुहटका साझा मागहरु पुरा हुने अवस्था देखिएको छ तर त्यसका लागि यी दलहरु एक ठाउँमा आउनुपर्छ।

राष्ट्रपतिका लागि काँग्रेस, एमाले र माओवादी केन्द्रको बीचमा विवाद देखिएका छ। यस अवस्थामा यी चारवटा दल जता जान्छन् उसैको राष्ट्रपति बन्ने सम्भावना प्रबल छ। दलहरुसँग कुल मतभार ५२ हजार ७०७ रहेका छन्। त्यसमध्ये राष्ट्रपति चयन गर्नका लागि आवश्यक मत २६ हजार ३५४ चाहिन्छ। काँग्रेससँग १६ हजार २२१, एमालेसँग १५ हजार २३३, माओवादी केन्द्रसँग सातहजार ७४५, नेकपा एकीकृत समाजवादीसँग दुईहजार ५७४, राष्ट्रिय प्रजातन्त्र पार्टीसँग दुई हजार ४५०, जसपासँग दुईहजार १४५, राष्ट्रिय स्वतन्त्र पार्टीसँग एकहजार ५८०, नेपाल मजदुर किसान पार्टीसँग २२३, जनमत पार्टीसँग एकहजार २४२, लोसपासँग ९७१, नागरिक उन्मुक्ति पार्टीसँग ८९२, राष्ट्रिय जनमोर्चासँग २०६, स्वतन्त्रसँग ६५० र मनोनित गरी २३७ मतभार रहेको छन्।

त्यसमध्ये अहिले राष्ट्रपतिमा एमालेलाई साथ दिने सहमति भयो भने गठबन्धनमा रहेका माओवादी, एमाले, राप्रपा, जसपा, स्वतन्त्र पार्टी, नागरिक उन्मुक्ति पार्टी नेमकिपा, स्वतन्त्र र मनोनित गरी ३१ हजार ९४१ मत (मतभार) पाउनेछ। यदि एमाले-माओवादी गठबन्धन भत्कियो भने त्यसबाट माओवादी केन्द्रसहित जसपा, जनमत र नागरिक उन्मुक्ति पार्टी निस्किने सम्भावना प्रवल हुन्छ। राष्ट्रपतिका लागि काँग्रेस-माओवादी केन्द्रको गठबन्धन बन्यो भने त्यसमा एकीकृत समाजवादी, जसपा, जनमत, लोसपा, उन्मुक्ति, राष्ट्रिय जनमोर्चा र स्वतन्त्र गरी ३२ हजार ६४६ मत (मतभार) पाउनेछ। अर्थात एमाले-माओवादी गठबन्धनभन्दा ७०५ मत बढी काँग्रेस-माओवादी केन्द्र गठबन्धनसँग रहेको छन्।

अर्थात जसपा, लोसपा, जनमत र नागरिक उन्मुक्ति पार्टी जसलाई सहयोग गर्छ। उसैको राष्ट्रपति बन्ने लगभग निश्चित छ। राष्ट्रपति बनाउनेमा माओवादी किङमेकर हो भने त्यसको खेलाडी मधेश केन्द्रीत दल रहेका छन्। यी चारवटै दलसँग पाँच हजार २५० मत (मतभार) रहेका छन् जुन निर्णायक रहेका छन्। तर यसका लागि यी तीन ठूला दल विभाजित हुनैपर्छ। एमाले-माओवादी गठबन्धनमा मधेश केन्द्रीत दललाई नलिए पनि राष्ट्रपति बनाउँदो रहेछ। उता, काँग्रेस-माओवादी गठबन्धनले पनि मधेशी केन्द्रीत दललाई नलिँदा पनि राष्ट्रपति बनाउँदो रहेछ।

तर खतरा के हो भने यी चार शक्तिलाई त्यतिकै बीचमा छोडिदियो भने जोसँग मिन्छन् उसैको राष्ट्रपति बन्दो रहेछ। काँग्रेस, माओवादी केन्द्र र नेकपा (एस) मात्र मिलेपछि राष्ट्रपति बनाउँदो रहेछ तर यता ती एमालेसँग मधेश केन्द्रीत दल मिल्दिए भने बहुमतबाट राष्ट्रपति बनाउन सक्छ। माओवादी उता गएपनि एमालेसँग राप्रपा, स्वतन्त्र पार्टी, नेमकिपा, स्वतन्त्र र मनोनित गरी १९ हजार ९२३ मत रहन्छ। त्यसमा मधेशवादी दल मिसि दियो भने यता राष्ट्रपति बन्ने सम्भावना धेरै हुन्छ। उता काँग्रेस गठबन्धनसँग मधेश केन्द्रीत दल मिलेपनि राष्ट्रपति बनिरहेको छैन। त्यसका लागि केही भोट क्रश गराउनै पर्छ वा माओवादी केन्द्रका साथ लिनुपर्छ।

माघ ५ गते प्रतिनिधि सभाका लागि सभामुख चयन भएपछि संसद भवनबाट बाहिरीने क्रममा माओवादी केन्द्रका अध्यक्ष समेत रहनुभएका प्रधानमन्त्री प्रचण्डले राष्ट्रपतिको चयन सहमतिमै हुन्छ भन्नुभएको थियो। त्यसलगतै संसद भवनबाट बाहिरिने क्रममा एमालेका अध्यक्ष केपी ओलले पत्रकारहरुसँग भन्नुभएको थियो, 'सहमति

बाँकी पृष्ठ ८ मा

यस भित्र



यो सरकार यसरी बन्यो चिनियाँ समर्थक

● लेख, पृष्ठ ४




जसपाले उपराष्ट्रपतिमा दावी गर्नु स्वभाविक अधिकार हो

● अन्तरवार्ता, पृष्ठ ५



बेलाबेला रमितालाई मुर्छित बनाउने त्यो काठमाडौं

● मध्यपृष्ठ, पृष्ठ ६




पठानले गरे रेकर्ड ब्रेक

● पृष्ठ ९



स्वभिमानका लागि रञ्जुले गर्नुभएको संघर्षका कथाहरु

● पृष्ठ १०

## अभिमत

# सम्पादकीय

## लक्ष्मी कोइरीबारे बोल

महोत्तरी क्षेत्र नम्बर १ बाट प्रतिनिसभा सदस्यमा चुनाव जितेका लक्ष्मी महत्तो कोइरीलाई अहिले प्रहरीले खोजिरहेको छ । प्रहरी प्रधान कार्यालयले ७७ वटै जिल्लालाई सर्कुलर पठाई सकेको छ । प्रहरीले उहाँलाई खोज्ने कार्य तीब्र पारेको छ । लक्ष्मी महतो कोइरी देशको कुनै ठूलो अपराधी हो जस्तै सारा प्रहरी त्यसको पछि लागेको छ । प्रहरीले अहिले नै किन उहाँलाई खोज्न थालेको हो, घटना २०७२ सालतिरको हो । घटनाको सात वर्ष भइसकेको छ । मधेश आन्दोलनको क्रममा सशस्त्र प्रहरीका असई थपन बिकलाई हत्या गरेको आरोप उहाँमाथि छ । अदालतमा प्रत्यक्षदर्शीहरूले दिएको बयानको आधारमा कोइरीलाई दोषी ठहर गरेको छ । उहाँमाथि सार्वजनिक मुद्दा दायर भएपछि उच्च अदालत जनकपुरले कोइरीलाई थुनामा राखेर मुद्दाको पुर्पक्ष गर्न आदेश दिएको छ । २०७७ मंसिर १९ मा जनकपुर उच्च अदालतले जारी गरेको 'वारेन्ट' का कारण उहाँ प्रहरीको 'खोजी सूची'मा हुनुहुन्छ ।

नयाँ संविधान बन्नुअघि २०७२ मा मधेस आन्दोलन सुरू भयो । आन्दोलनमा सुरक्षामा खटिएका असई विकको हत्या कोइरीको योजनामा भएको अभियोग छ । २०७२ भदौ २५ मा आन्दोलनकारीको कुटाइबाट गम्भीर घाइते भएका विकलाई उपचारका लागि जनकपुर लैजाने क्रममा एम्बुलेन्सबाट थुतेर हत्या गरिएको आरोप छ । थमनका दाजु प्रेमबहादुरले कोइरीसहित २८ जनाविरूद्ध किटानी जाहेरी दिएपछि प्रहरीले मुद्दा चलाएको थियो । जिल्ला अदालत महोत्तरीले २०७६ असोज २ मा कोइरीलाई एक लाख धरौटीमा छाड्ने आदेश दिएको थियो । आदेशविरूद्ध पुनरावेदन परेपछि जनकपुर उच्च अदालतले जिल्लाको आदेशलाई उल्ट्याइदियो । त्यसपछि कोइरी प्रहरीको खोजीको सूचीमा पर्‍यो । महोत्तरीको गौशाला नगरपालिका-२ निवासी ६० वर्षीय लक्ष्मी महतो २०७४ को चुनावमा तत्कालीन संघीय समाजवादी फोरमबाट महोत्तरी-४ मा उम्मेदवार बन्नु भएको थियो । यसपालि जसपा छाडेर एमाले प्रवेश गरेर उहाँ महोत्तरी-१ बाट चुनाव जित्नुभयो । प्रहरीको खोजी सूचीमा रहनु भएका उहाँले उम्मेदवारी पनि वारेसबाट दिनुभएको थियो । जितको प्रमाणपत्र पनि वारेसबाटै लिनुभएको थियो । तर, पुस २६ मा प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत दिन भने उहाँ संसदमा पुग्नु भएको थियो । त्यसअघिको सांसदको सपथग्रहणमा उपस्थित भएर सपथग्रहण गर्नुभएको थियो । यी सबघटना हेर्दा लक्ष्मी महतो कोइरी एउटा आन्दोलनकारी हुनुहुन्छ । पहिचान र अधिकारका लागि भएको मधेश विद्रोहमा भवतव्य प्रहरी मारिए । त्यसरी हुनुहुँदैन्थ्यो तर आन्दोलनको झडपमा त्यस्तो घटना हुन पुग्यो । त्यो एउटा आन्दोलन थियो । मधेशी जनता आफ्नो अधिकारका लागि लडिरहेको बेला संयोगवश भएको सिर्फ एउटा घटना हो ।

यसरी प्रहरीको गोली लागेर सयभन्दा बढी मधेशी युवाको ज्यान गएको छ । प्रहरीले जानी जानी गोली हानेको सैयौं प्रमाणहरू छन् । के सरकारले लक्ष्मी महतो कोइरीको जस्तै ती प्रहरीमाथि कारवाही गर्न सक्ला छ त प्रश्न उठेको छ । यसरी आन्दोलनको क्रममा मारिएको विषयलाई लिएर मुद्दा चलाइने हो भने यहाँ कोही बाँकी रहने छैन । अहिलेका प्रधानमन्त्री प्रचण्डमाथि पनि त्यस्ता मुद्दाहरू छन् । पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीमाथि पनि विभिन्न मुद्दाहरू छन् । पूर्वप्रधानमन्त्री शेरबहादुर देउवामाथि मुद्दा लाग्न सक्छ । जनताले गर्ने आन्दोलन भनेको राज्य विरूद्धको आन्दोलन हुन्छ । जनताले राज्यसँग लडाई गरिरहेको हुन्छ । राज्यको तर्फबाट प्रहरी जनतासँग जुद्धिरहेका हुन्छन् । त्यो लडाईमा कोही हार्छ, कोही जित्छ । कोही मार्छ, कोही मर्छ । तर त्यसको नाममा मुद्दा चलाउने कारवाही गर्ने प्रचलन कहीं कतै छैन । जाँचबुझको क्रममा यदि नियतवश आन्दोलनको आडमा यदि कसैले कसैलाई मारेको छ भनि पुष्टि हुन्छ भने त्यसलाई कारवाही हुनुपर्छ । तर आन्दोलनको क्रममा राज्यसँग लडि रहेको बेलामा प्रहरीतिर पनि क्षति हुनसक्छ भने जनतातिर पनि क्षति हुनुसक्छ । त्यसैले लक्ष्मी महतो कोइरी दोषी होइन । यसको बारेमा राजनीतिक दलहरू बोल्नुपर्छ जो परिवर्तनका लागि पटक पटक आन्दोलन गरेर देशको राजनीतिमा उदय भएका छन् । खासगरि, जसपा र लोसपाले यसको बारेमा विशेष रूपमा बोल्नुपर्छ किनभने यी दलहरूले आन्दोलन गर्दा लक्ष्मी कोइरी त्यसमा सहभागी हुनुभएको थियो । त्यसैले ती दलको दायित्व बन्छ कि लक्ष्मी कोइरीको बारेमा बोलुन् ।

## तथ्यांक आफै बोल्छ

समानुपातिकतर्फ दलले गरेको खर्च, जितेको सिट र बन्दसूचीमा पेस गरेको उम्मेदवारको सङ्ख्या

| राजनीतिक दल | उम्मेदवार सङ्ख्या | सिट सङ्ख्या | खर्च |
|---|---|---|---|
| नेकपा (एमाले) | ११० | ३४ | १,३३,२६,६९३.४५ |
| नेपाली कांग्रेस | १०८ | ३२ | १,५५,३२,५७८ |
| नेकपा (माके) | १०७ | १४ | १,०४,००,३४६ |
| राष्ट्रिय स्वतन्त्र पार्टी | १०७ | १३ | ३६,८६,२२५ |
| राप्रपा नेपाल | १०६ | ७ | १,८९,००,००० |
| जसपा नेपाल | १०० | ५ | ३५,००,००० |
| जनमत पार्टी | २८ | ५ | ३,८८,००० |
| नेकपा (एस) | १०४ | ० | १,९०,८९,५०० |
| नागरिक उन्मुक्ति पार्टी | ५३ | ० | १०,१३,००० |
| लोसपा | ८८ | ० | ९,५०,००० |
| राष्ट्रिय जनमोर्चा | ८७ | ० | ३,११,०६५ |
| नेमकिपा | ८८ | ० | २८,७६,२५० |

# पाठक पत्र

saharatimes.com.np@gmail.com




### मधेश आन्दोलनसँग विजयको बेइमानी

विजयकान्त कर्णको अन्तरवार्ता पढे । मधेशको बारेमा यसरी बोलेको र लेखेको धेरैपछि पढेको हुँ । हुनत अरु अरु अन्तरवार्ता पनि टेलेभिजनहरुमा सुनेको छु तर त्यसमा समग्र राजनीतिक गतिविधिलाई केन्द्रीत गरेर बोलेको पाइएको हुन्छु तर यो अन्तवार्तामा विशुद्ध मधेशको विषयमा बोल्नु भएको छ । मधेश आन्दोलनको वरिपरी पनि उहाँ मधेशको बारेमा निकै क्रान्तकारी कुरा गर्नुहुन्थ्यो । त्यही क्रान्तकारी कुरा गरेर उहाँ राजदूत पद पड्काउनुभयो । मधेशका नाममा धेरै फाइदा लिनुभयो । एनजीयो चलाउनुभयो । मधेशकै नाममा विभिन्न प्लेटफर्महरु पाउनुभयो । यदि मधेश आन्दोलन नभएको भए विजयकान्तजी पनि टियुको एउटा प्रोफेसरमा सिमित हुन्थ्यो सायद । तर मधेश आन्दोलनकै कारण आज उहाँको चमकधमक छ । र उहाँले भन्नुहुन्छ सत्ताकै कारण मधेशव आन्दोलन कमजोर भयो । सायद मधेश आन्दोलन नभएको भएको आज यो देशमा मधेशीको जुन स्थान छ त्यो कदापी हुने थिएन । आन्दोलन त पटक पटक गजेन्द्रनारायण सिंहले पनि गर्नुभएको थियो तर मधेशीसँग भएको ब्यवहार कसैसँग लुकेको छैन । तर त्यही उपेन्द्र यादवले आन्दोलन गर्दा मधेशीहरु शीर ठाडो पारेर हिडि रहेका छन् । संसारमा सबै कुरा एकै झटकामा एकैपटकमा हुँदैन र भएको छैन । मूलभुत कुराहरु प्राप्त भएको छ त्यसैलाई टेकेर अन्य विषयमा संघर्ष गरेर प्राप्त गर्ने हो । जय मधेश

***रुपक यादव, सिरहा, मिर्चैया थाना चौक***
***it.rpak2001@gmail.com***

### यिनीहरु किन नमिलेका होलान् ?

एक समय थियो विजयकान्त कर्ण, तुलानारायण साह, दीपेन्द्र झा, सिके लालहरुको जोडी निकै जमेको थियो । काठमाडौंमा हुने जुनसुकै कार्यक्रममा उहाँहरुको अनुहार हेर्न पाइन्थ्यो । कुनै कुनै कार्यक्रममा चारैजना हुन्थे भने कुनै कुनैमा कोही अनुपस्थित पनि हुन्थे । मधेशको बारेमा लेख्नु हुन्थ्यो बोल्नु हुन्थ्यो । उहाँहरुले बोलेको कुराको अर्थ हुन्थ्यो । शासकहरु पनि उहाँहरुको कुरालाई रेकर्डमा राख्थ्यो । हामी जस्ता युवा पनि उहाँहरुबाट धेरै कुरा सिक्थ्यौं । उहाँहरुले बोलेको कुरा निकै चर्चा हुन्थ्यो तर अहिले यी चारजना चारतिर छन् । सायद कसैको कसैसँग बोलचाल भएको पनि देखिएको छैन । कुनै एउटा मञ्चमा एकसाथ देखिएका पनि छैन । जसरी मधेशवादी दलहरु छिनभिन्न भए त्यसरी उनीहरु पनि छिन्नभिन्न भएका छन् । र, अहिले मधेश कमजोर हुनुको अनेक कारणमध्ये एउटा यो पनि हो ।

***जयशंकर साह, किर्तिपुर, त्रिवी काठमाडौं***

# फेसबुक



**उपेन्द्र यादव**

जनविद्रोहको चेतावनी

नेपालको शासन प्रणाली र संबैधानिक ब्यवस्था बमोजिम मन्त्रिपरिषदले शासन ब्यवस्थाको निर्देशन , नियन्त्रण र सन्चालन गर्दछ। संबैधानिक परिषदले न्यायाधीश, अख्तियार,महालेखा परीक्षक, निर्वाचन आयोग, मानव अधिकार आयोग, बित्त आयोग, महिला आयोग, समावेशी आयोग आदि संबैधानिक अङ्गहरुमा नियुक्तिकालागी सिफारिस गर्दछ । राष्ट्रिय सुरक्षा परिषदले नेपालको समग्र राष्ट्रहीत, सुरक्षा र प्रतिरक्षा सम्बन्धी नीति तर्जुमा र नेपाली सेना परिचालनको सिफारिस गर्दछ। मुलुकको आधा भन्दा बढी जनसंख्या ओगटेने मधेशी, थारु, मुस्लिम, दलित, जनजाति आदिलाई उक्त संस्थाहरुमा समावेशीकरण नगरी बन्चित, उपेक्षित एवम् प्रतिनिधित्व बिहीन बनाएर राष्ट्रिय एकता जोगाउन कसरी सम्भव होला ? यी निकायहरूमा समाबेशीकरण कहिल्यै किन गरिदैन ? केही शासक वर्ग / जातिको जातीय अहंकार र नस्लवादी चिन्तन , व्यबहार र चरित्र यो हैन र ? नेपाली जनताको त्याग, तपस्या , संघर्ष र बलिदानद्बारा प्राप्त सङ्घीय लोकतान्त्रिक गणतन्त्रको उपेक्षा र उपहास भएन र ? यस्तै अवस्था रहिरहने हो भने परिणाम के होला ? यस सम्बन्धमा कस्ले ? कहिले सोच्ने ? उपरोक्त सन्दर्भमा २१औ शताब्दिका नेपाली जनता सूचित , चेतनशील एवम् जागृत र संगठित हुदैछन् । नेपालको यही अवस्था र शासक जाति /वर्गको यस्तै चिन्तन र चरित्र रहिरहन्छ भने मुलुकमा अर्को भयानक जनबिद्रोह हुनसक्छ, त्यतिबेला कसैले सम्हालेर नसम्हलिन पनि सक्छ, सबैलाई चेतना भया । पशुपतिनाथले शासक वर्गलाई सद्बुद्धि प्रदान गरुन् ।



**विजयकान्त कर्ण**

रवि लामिछानेले संविधान, कानुन, प्रहरी प्रशासन र संवैधानिक अंगहरूको कमजोरीको फाइदा उठाउँदै यिनलाई मजाक बनाए । निर्वाचन आयोग, गृह प्रशासन अत्यन्त निकृष्ट संस्था देखियो । यो राष्ट्रिय सुरक्षालाई ठूलो चुनौती । २०५२ मा भारतीय कुख्यात अपराधी बब्लु श्रीवास्तव सिङ्गापुरमा समातियो, उसँग अरुण अग्रवाल नामको कपिलवस्तुको नागरिकता र नेपाली पासपोर्ट थियो । भारतले यो मुम्बई काण्डको अपराधी भनेर डिपोर्ट गर्न भन्यो । तर उसको श्रीमतीले आफ्नो श्रीमान नेपाली भएकोले नेपाल सरकारले रक्षा गर्न माग गरिन् । सरकारले उसको नागरिकता रद्द गर्‍यो, समस्या हल भयो । तर नागरिकता, पासपोर्ट र २० वर्ष पहिलेको जग्गाको लालपुर्जा बनाउने कसैलाई कारबाही भएन । यस्तो दुनियामा कहीं पनि हुँदैन । यस्तो कुकर्मले देशको कस्तो वेइज्जती भयो, कसैले वास्ता गरेन ।

केही वर्ष पहिले एउटा नटवरलाल अमेरिकाबाट आइ सोल्टी होटलमा बसेर खर्बौंको लगानी गर्ने भनेर यहाँको मिडिया, सरकार र नेताहरूलाई उल्लु बनायो र अन्तमा होटलको विल तिर्न नसकेर आफन्तहरूले मुस्किलले पैसा तिरेर होटलबाट मुक्त गराएका थिए । यो देशको मानसिकता र हाम्रो राज्यका अंगहरू कति कमजोर, निष्कृय र किंकर्तव्यविमूढ छन् को प्रमाण हो । राजनीतिक दल र नेतृत्वलाई देशको सुरक्षा, सम्मान भन्दा पद र पैसा प्रिय छ । महान महेन्द्रीय राजतन्त्रात्मक राष्ट्रवादको जय होस ।



**मनिष मिश्र**

हामीले उठाउँदै आएको नागरिकता सम्बन्धी समस्या समाधानको मुद्दा बल्ल रवि जस्ता चिप पपुलरिटी सोच एवं काठमाडौंको कुण्ठित मानसिकताले बुझ्केको होला जस्तो लाग्छ । जुन देशमा पैसा, पहुँचको बलमा विदेशीएका नागरिक, अरू देशमा गई अर्कैको नागरिक बनि सुखसुविधा लिई पावर फुर्ति देखाई, आफै जन्मेको देशको नागरिकमाथी बिभिन्न किसिमका अत्याचार अन्याय गरी कानुनलाई कमजोर कडी सम्झी जे मन लाग्छ त्यो नेपालमा गर्न सकिन्छ भनेर गलत, जालसाजी कागजपत्र पेस गरी जनतालाई दिवा स्वप्न देखाई गृहमन्त्रीसम्म हुन पाउँछन तर यही जन्मेका, केही गरौ भनी सोचेका, देशको नाम रोशन गर्न खोजेका यस्ता नागरिक छन् जो राज्यमा रहे पनि नागरिकता बिना अनागरिक सरह जीवन बाँच्न बाध्य पारिएका छन्, नगरिकता बिना ब्यवस्थित जीवनचर्यामा कुनै पनि कुरा सम्भव छैन भनि थाहा हुँदाहुँदै यी र यस्तो स्थितिलाई समाधान गर्नुको सट्टा यही रवि जस्ता बहुरूपीयाहरूले नागरिकताको विषयमा गरेका मनग्रन्थ एव बनावटी कुराहरू सर्वविदित नै छ । यस्तालाई के भन्ने ?

# वर्षौंको दोस्तीमा दरार

नेपालको राजनीतिक परस्थिति जस्तो भएपनि माओवादी केन्द्रका अध्यक्ष एवं प्रधानमन्त्री प्रचण्ड र जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादव कहिले अलग भएको देखिदैन । मधेश आन्दोलनको क्रममा गौर घटना हुँदा प्रचण्ड र उपेन्द्र यादवबीच थोरै मनमुटाव भएको थियो । उपेन्द्र यादव भन्ने गर्नुहुन्छ, 'त्यसबेला माओवादीले मलाई मार्नकै लागि खोजिरहेको थियो । त्यतिबेला माओवादीका लागि सबभन्दा ठूलो दुश्मन मै थिए ।' जहाँ भेट्यो त्यही उपेन्द्र यादवलाई कारवाही गर्ने माओवादीको सर्कुलर थियो । त्यस्तो लअवस्थाबाट गुज्रेको सो सम्बन्ध विस्तारै हराउँदै गयो र राजनीतिमा यी दुई बीच औचारिक-अनौपचारिक गठबन्धन यसरी कसियो कि कहिले अलग हुनुभएन ।

विगतमा उपेन्द्र यादव पनि माओवादीमा काम गरेको हुनाले यी दुई बीच विचार मिल्दो रहेछ । त्यही भएर जस्तोसुकै अवस्थामा पनि यी दुई बीचको गठबन्धन भत्केन । तर पछिल्लो राजनीतिक घटनाक्रमले बेलाबेलामा यी दुई बीचको दोस्तीमा दरार पैदा (जन्म) भइरहेको छ । काँग्रेस, माओवादीसहितको पाँच दलीय गठबन्धनमा जसपा पनि सामेल थियो । गठबन्धन बनाउनमा उपेन्द्र यादवले प्रचण्डलाई साथ दिनुभएको थियो । सायद उपेन्द्र यादवले साथ नदिएको भए त्यो गठबन्धन बन्ने थिएन । तर, त्यही गठबन्धनमा उपेन्द्र यादवलाई यस्तो अप्ठ्यारोमा पार्‍यो कि बाध्य भएर त्यहाँबाट निस्किनै पर्‍यो ।

जसपाका नेताहरु भन्नुहुन्छ, 'तर प्रचण्डले सहयोग गर्नुभएन, प्रचण्डले त्यतिबेला चाहेको भए उपेन्द्र यादव गठबन्धनबाट निस्कनु हुन्थेन तर उहाँ मौन बसि दिनुभयो ।' ठिक अहिले पनि त्यही अवस्था सृजना भएको छ । माओवादी-एमाले गठबन्धन बनाउनमा प्रमुख भूमिका खेल्नु भएका जसपा अध्यक्ष उपेन्द्र यादव फेरि पनि त्यो गठबन्धनबाट निस्किने कि रहने अवस्था सृजना भएको छ । तर, फेरि प्रचण्डले त्यसैगरि मौन बस्नुभएको छ । विगतमा उपेन्द्र यादवले ठूलै रिश्क लिएर माओवादीका अध्यक्ष प्रचण्डलाई साथ दिँदै आउनु भएको हो । प्रचण्डलाई नै साथ दिएको कारण उपेन्द्र यादवको पार्टी पटक पटक विभाजन भएको हो । तैपनि उहाँले प्रचण्डको साथ कहिले छाड्नु भएन ।

२०६५ देखि संसदीय राजनीतिमा उपेन्द्र यादव हरहमेशा प्रचण्डको साथमा उभिएको पाइन्छ । तर अहिले उहाँ दुवैजनाको बीचमा दरार (फाटो) उत्पन्न भएको छ । सत्ता बाँडफाँटमा उपेन्द्र यादव नेतृत्वको जसपालाई किनारा लगाइएको छ । र, त्यसमा जसपाले मुख्य दोषी प्रधानमन्त्री प्रचण्डलाई देख्छ । जसपाका एकजना कार्यकारिणी सदस्यले भन्नुभयो, ' माओवादी शान्ति प्रकृयामा आएदेखि उपेन्द्रजी प्रचण्डलाई पाइला पाइलामा साथ दिनुभएको छ । गणतन्त्र नेपालको पहिलो प्रधानमन्त्री बनाउनुदेखि लिएर संविधानलाई अधिकार सम्पन्न बनाउन गठन भएको ३३ दलीय गठबन्धन बनाउनसम्ममा उपेन्द्र यादवको साथ हुनुहुन्थ्यो ।'

गठबन्धन सरकारमा अरु सबैले रोजी रोजी मन्त्रालय पाए, तर जसपाले त्यो सुविधा पाएन । जसपाले तीनवटा नभए उपराष्ट्रपतिसहित दुईवटा मन्त्रालय भए पुग्छ भनि माग गरेको थियो । उपराष्ट्रपति टाढाको कुरा दुईटा मन्त्रालयसमेत रोजेर पाएन जसपाले । प्रधानमन्त्री प्रचण्डले वन तथा वतावरण मन्त्रालय र युवा तथा खेलकुद मन्त्रालय जसपाका लागि छुट्याएर राख्नुभएको छ । कसलाई कुन मन्त्रालय दिने अधिकार प्रधानमन्त्रीसँग हुन्छ तर एमालेका अध्यक्ष केपी शर्मा ओलीको सामु प्रचण्ड निरिह भएर त्यस्तो अडान लिन सक्नु भएन ।

बरु एमाले अध्यक्ष ओलीले राप्रपा र स्वतन्त्र पार्टीका लागि अडान लिएर बस्नुभयो । रोजेको मन्त्रालय दिलाउनु भयो तर सधै साथ पाउँदै आउनु भएका जसपा अध्यक्ष उपेन्द्रका लागि कुनै अडान लिनुभएन । एमाले अध्यक्ष ओलीले छुट्याई दिएको मन्त्रालय अस्विकार गरी जसपा सरकारमा सहभागी भएको छैन । पछिल्लो समय प्रधानमन्त्री प्रचण्ड र जसपाका अध्यक्ष उपेन्द्रबीच संवाद पनि भएको छैन ।

# चीन खुशी हुनु र सिके राउत दुखी हुनु एउटै कुरा हो

'प्रक्रियागत त्रुटि वा अपराध नै किन न होस् र कतिपय राजनैतिक एजेण्डा विपरीत नै किन न होस्, तर अहिलेको संसद् र सरकारमा रविजी मेरो लागि पनि आशाको केन्द्र हुनुहुन्थ्यो । बैठक होस् वा संसद्, रविजीले नयाँ ऊर्जा, जोश र देशमा केही त परिवर्तन होला कि आशा जगाउने गर्नुहुन्थ्यो ।'

माघ १३ गते सर्वोच्च अदालतले राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामेछ्याने नागरिकताविहिन रहेको ठहर गरेपछि जनमत पार्टीका अध्यक्ष सिके राउतले सोही दिन आफ्नो ट्वीटरमार्फत दिनुभएको प्रतिकृया हो यो । सिके राउतले रविको समर्थन गर्ने स्वभाविक नै हो । दुवैजना लामो समय अमेरिका बस्नुभएको छ । रवि त त्यहीको नागरिक भएर नै बसे । सिके राउत जागिरको सिलसिलामा वैज्ञानिकको रुपमा अमेरिकामा लामो समय बस्नुभयो । त्यसले गर्दा दुवैजनाले एक अर्कालाई सहयोग गर्ने स्वभाविक हो । यी दुई नेताप्रति अमेरिका सहानुभूति राख्छ । र, उहाँहरुले पनि अमेरिकाप्रति सहानुभूति नै राख्नुहुन्छ । यति भन्दा फरक पर्दैन कि सिके राउत र रवि अमेरिकाको विरोधमा कहिले जानुहुन्न । अमेरिकाले नेपालमा जस्तोसुकै गरोस्, जे गरोस् तर कम से कम यी दुई नेता बोल्नु हुन्न । एमसीसीको विषयमा देशमा आन्दोलन भइरहँदा सिके राउत र रवि चुपचाप हुनुहुन्थ्यो । उहाँ दुवैजना यो देशका लागि एमसीसी आवश्यक छ भने मौन स्विकृति दिनुभएका छ ।

नेपालमा हुने अमेरिकाको हरेक गतिविधिमा सिके राउत र रविले मौन स्विकृति दिँदै आउनुभएको छ । त्यहीं भएर आज रविलाई सर्वोच्च अदालतले अनागरिक घोषणा गरेपछि सिके राउतको चित्त दुखेको जानकारहरुको टिप्पणी छ । एक राजनीतिक विश्लेषकले भन्नुभयो, 'सुशासनका लागि लडाई लडदै आउनु भएका सिके राउतले रविको पक्ष लिएकोमा आश्चर्य लागेको छ भने अर्कोतिर जहाँबाट उहाँहरु पालित पोसित हुनुहुन्छ त्यसको समर्थन गरेकोमा कुनै टिप्पणी पनि छैन ।'

रविलाई यसरी उपप्रधानमन्त्री तथा गृहमन्त्री एवं सांसद पदबाट हट्ने गरि जसरी सर्वोच्च अदालतले जुन निर्णय गरेको छ त्यसमा सबभन्दा खुशी चीन देखिएको छ । रविको विरुद्धमा फैसला आएपछि चीनमा झण्डै दिपावली मनाएको छ । चीनका हरेक मिडियाले रविको समाचारलाई कभरेज गरेको छ । रविले गरेको कर्तुतका पर्दाफास गरेको छ । चीनको मिडिया बोल्नु भनेको त्यहाँको सरकार बोल्नु जस्तै हुन्छ । त्यहाँका हरेक मिडियामाथि सरकारको नियन्त्रण हुन्छ ।

चीनका हरेक अनलाइन तथा प्रिन्ट मिडिया तथा टेलिभिजनले रविको समाचारलाई प्रमुखताका साथ प्रकाशित गर्दै खुशी व्यक्त गरेका छन् । चीनका मिडियाले रविलाई अमेरिकी नागरिक नै भनेको छ । 'अमेरिकी नागरिक'ले झूठो विवरण दिएर नेपाली जनताको दिमाग भुटेको र हौवाको भरमा गृहमन्त्री बनेको चिनियाँ सञ्चारमाध्यममा उल्लेख छ । चीनको एउटा अनलाइनमा लेखेको छ, 'अमेरिका गएपछि रविले शरणार्थी बनेर नेपाली नागरिकता त्यागे । अमेरिकी नागरिकताका लागि आवेदन दिए र प्राप्त गरे । त्यसपछि नेपाल फर्के तर नेपाली नागरिकताका लागि पुनः आवेदन गरेनन् । उनले अवैध भइसकेको नेपाली नागरिकता प्रयोग गरे । अमेरिकीको हैसियतमा एउटा टेलिभिजनमा काम गरे । पछिल्लो समय राष्ट्रिय स्वतन्त्र पार्टी गठन गरे र आमचुनावमा विजयी भएपछि उपप्रधानमन्त्रीसहित गृहमन्त्री बने ।'

राहदानी दुरुपयोगसम्बन्धी अर्को मुद्दा परेमा उहाँलाई थप कारवाही हुनसक्ने र एकदेखि तीन वर्षसम्म जेल सजाय पाउने विषयलाई पनि चिनियाँ सञ्चारमाध्यमले प्रमुखताका साथ स्थान दिएको छ । छ महिनाको बीचमा चौथो ठूलो दल बनेर रवि लामिछानेले उपप्रधान तथा गृहमन्त्री बनेलगत्तै क्याबिनेटमा विपक्षीको भूमिका निर्वाह गर्ने उल्लेख गर्नुलाई चिनियाँ सञ्चारमाध्यमले 'अहंकारी'को संज्ञा दिएका छन् ।

'चुनावअघि उनले काँग्रेस सभापति शेरबहादुर देउवा, एमाले अध्यक्ष केपी शर्मा ओली र माओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड सबैलाई राजनीतिबाट सन्यास लिन सल्लाह दिए । सबैभन्दा धेरै घृणा उनले देउवालाई गरेका थिए ।' चीनको एक अनलाइनमा उल्लेख छ ।

अमेरिकी र पश्चिमा राष्ट्रहरुको पहिले मौन र अहिले प्रत्यक्ष समर्थन गरेका उहाँलाई हिजो अदालतको आदेशपछि ठूलो धक्का पुगेको चिनियाँ सञ्चारमाध्यमले निष्कर्ष निकालेको छ । एउटा अनलाइनले लेखेको छ, 'रवि संयुक्त राज्य अमेरिकाले नेपालको राजनीतिमा घुसाएको एउटा प्यादा हो । अदालतको आदेशपछि धेरै नेपाली निकै खुशी देखिएका छन् ।'

## फरकमत

# मधेश अलग होइन भने दुईखालको व्यवहार किन ?



**सुनैनाकुमारी यादव**

पछिल्लो समय यही देशभित्र मधेश पनि छ भनि विश्वास गर्न गाह्रो भइरहेको छ । शासकको व्यवहार र चरित्रका कारण मधेशसँग फरक ढंगको व्यवहार भइरहेको भनि अनुभूती हुन थालेको । मधेशका जनताले भन्न थालेका छन्, 'हामी छुट्टै देशका नागरिक त होइन नि ।'

पछिल्लो उदाहरण माओवादी केन्द्रका अध्यक्ष प्रचण्डको नेतृत्वमा गठन भएको सरकारलाई लिन सकिन्छ । त्यो सरकारबाट मधेश केन्द्रीत दललाई सिधै 'बाइकट' गर्‍यो । विभिन्न षड्यन्त्र गरेर प्रतिनिधि सभा र प्रदेश सभामा कमजोर बनायो । थोरबहुत सीट जितेर आएका तराई मधेश केन्द्रीत दललाई सरकारभन्दा अलग राख्यो । सरकार भनेको नीति निर्माण गर्ने ठाउँ हो । बाहिर जति आन्दोलन गरेपनि काम हुने सरकारबाट नै हो । तर त्यो ठाउँमा मधेशीलाई जान नै दिँदैन, नीति निर्माणको तहमा पहुँच नै रहन दिँदैन भने मधेशको विकास र समृद्धिको कल्पना कसरी गर्न सकिन्छ । जनता समाजवादी पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी, जनमत पार्टी, नागरिक उन्मुक्ति पार्टीलाई षड्यन्त्र गरेर नै सरकारभन्दा बाहिर राखेको छ । जनमत पार्टीलाई सरकारमा लिएको छ तर कमजोर बनाएर राखेको छ । त्यहाँ सरकारको साक्षि बस्नुबाहेक अरु केही गर्न सक्दैन । यी सबै दल सरकारमा गएको भए तराई मधेशको अधिकार, पहिचान र विकासको केही नकेही कुरा अवश्य हुन्थ्यो तर अहिलेको सरकारले पंचायती व्यवस्थाको झझल्को दिइरहेको छ ।

मानौ यो देशभन्दा बाहिरको देश हो मधेश । औपनेविशिक राज्यको जस्तो व्यवहार मधेशसँग भइरहेको छ । नेपालभन्दा उ छुट्टै हो कि अनुभूती सरकारले नै दिलाई रहेको छ । हालैको अर्को उदाहरण पनि लिन सकिन्छ । माघ १० गते झापाको व्यपारी प्रेमप्रसाद आचार्यले बानेश्वरमा संसद भवनका अगाडि जहाँ प्रधानमन्त्री प्रचण्डको अगाडि हिडिरहेको थियो त्यही उहाँले आत्मदाह गर्नुभयो र त्यसको भोलीपल्ट उहाँको निधन भयो । यो दुखद कुरा हो । यस्तो हुनुहुँदैन । तर त्यसको ठिक एक दिन पहिले अर्थात माघ ९ गते राती सप्तरी छिन्नमस्ता गाउँपालिकाका ४५ वर्षीय रामदेव मल्लिक (डोम) रुखमा झुण्डिएर आत्महत्या गर्नुभएको थियो ।

एउटा सहकारीबाट लिएको एक लाख रुपियाँको ऋण तिर्न नसक्दा उहाँ झुण्डिएर आत्महत्या गर्नुभएको हो । प्रेम आचार्य पनि व्यपारमा डुब्नुभयो, ऋण तिर्न सक्नु भएन र बाध्य भएर आत्मदाह गर्नुभयो । दुवैजनाको घटना प्रकृति एउटै हो तर रामदेव मल्लिक आत्महत्या गरेको कुरा सायद राज्यलाई जानकारीमा पनि छैन तर प्रेम आचार्यको बारेमा निकै चिन्ता गरेको देखियो । एउटै देशका नागरिकसँग दुईखालको व्यवहार किन ?

प्रेमको आत्मदाहको बारेमा राज्यले छानविन गर्ने रे, तर रामदेव मल्लिकको बारेमा केहीं नकेही । के रामदेव मल्लिक मधेशी र त्यसमा पनि डोम जातीको भएको कारण हो कि अरु कारणले राज्यले नचिनेको हो कि ? त्यसको जवाफ राज्यले दिनुपर्छ । राज्यबाट प्रेमको ऋण तिर्ने, उहाँका छोरीहरुलाई पढाई दिने व्यवस्था पनि हुन लागेको सुनिएको छ तर रामदेवको बारेमा सरकारले चर्चा गरेका पनि सुनिएको छैन ।

अर्को उदाहरण, रवि लामिछानेको घटनालाई लिन सकिन्छ । रवि नेपाल छाडेर अमेरिका गएर बस्नुभएको थियो । त्यहीको नागरिक हुनुभएको थियो । पछि के कारण भयो त्यहाँको नागरिकता त्यागेर नेपाल आउनुभयो । तर नेपाल आएपछि उहाँले अर्को नागरिकता बनाउनु भएन । पुरानै नागरिकताको आधारमा उहाँ नेपालमा पासपोर्ट पनि बनाउनु भयो र एउटा नेपाली नागरिकको हैसियतमा बस्न थाल्नुभयो ।

उहाँको नागरिकताको विषय सुरुदेखि नै उठ्दै आइरहेको थियो । तर उहाँले अटेरी गर्नुभयो । पार्टी गठन गरेर चुनाव जित्नुभयो र उपप्रधानमन्त्री तथा गृहमन्त्री पनि बन्नुभयो । तर सर्वोच्चको फैसलाले रवि नेपाली नागरिक होइन भनि पुष्टि गर्‍यो । पुष्टिपछि उहाँको सांसद पद, पार्टीका सभापति पद र मन्त्री पद समेत गयो । उहाँले सिडियो कार्यालय गएर तुरुन्त नागरिकता पाउनु भयो ।

प्रश्न यहाँ खडा हुन्छ यदि आज कुनै मधेशी त्यो ठाउँमा भएको भए यस्तो सुविधा पाउने थिए त ? अहिले पनि मधेशमा नागरिकताको समस्या छ । लाखौ युवा नागरिकता नपाएर उनीहरुको विजोग भएको छ । पढाई गर्न सकिरहेको छैन । नोकरी गर्न सकिरहेको छैन । विदेश जान पाएको छैन । यहाँसम्म कि एउटा सीम कर्डा समेत खरिद गर्न पाइरहेको छैन । तर त्यो समस्या समाधान गर्नेतिर सरकारको ध्यान गएको छैन तर एउटा नागरिक आफ्नो देशको नागरिकता त्यागेर अमेरिका जान्छ । त्यहाँ कुनै लफडा गरेर त्यहाँको नागरिकता त्याग गरी नेपाल फर्किन्छ तर विना नागरिकता नेपालमाथि शासन गर्न थाल्छन् जब उमाथि प्रश्न तेर्सिन्छ अनि राज्यले नै सुविधा दिएर नागरिकता बनाउने मौका दिन्छन् ।

तर मधेशीहरु वर्षौदेखि नागरिकताका लागि संघर्ष गरिरहेका छन् तर त्यसप्रति अझैसम्म कुनै सुनुवाई भएको छैन । के मधेशीहरु यो देशको नागरिक होइन, उसले यहाँ आफ्नो अधिकार पाउँदैन ? मधेश अलग होइन भने दुईखालको व्यवहार किन ?

# यो सरकार यसरी बन्यो चिनियाँ समर्थक



● सन्तोष मेहता

कम्युनिस्ट एलायन्सको सरकार आएपछि चीनको सक्रियता पुनः बढेको छ । हुन् त नेपालमा कम्युनिस्ट पार्टीको नेतृत्वको सरकार अस्तित्वमा आउने बित्तिकै यहाँ चीनको गतिविधि बढ्न थाल्छन् । प्रचण्ड प्रधानमन्त्रीमा नियुक्त भएलगत्तै पोखरा विमानस्थल उद्घाटन हुनु संयोग होला तर विगत तीन वर्षदेखि रोकिएको केरुङ-रसुवागढी-काठमाडौं रेलमार्गको सम्भाव्यता अध्ययनका लागि चिनियाँ प्राविधिक टोली पनि नेपाल आइपुग्नु त्यो संयोग मात्र होइन । माओवादी केन्द्रका अध्यक्ष प्रचण्ड पुस १० गते प्रधानमन्त्रीमा नियुक्त हुनुभयो । पुस ११ गते सपथग्रहण गर्नुभयो र पुस १२ गते चिनियाँ प्राविधिक टोली रेलमार्गको अध्ययन गर्न नेपाली आइपुग्यो । अध्ययन गरेर पुसको अन्तिम साता उनीहरु फर्कि सकेका छन् ।

त्यति मात्र होइन, नेपालका लागि चिनियाँ राजदूत छेन सोङ नेपाल आइपुगेकै दिन ३२ महिनादेखि बन्द रहेको अन्तराष्ट्रिय हवाई ट्रान्जिट पुस २४ गतेदेखि चीनले खोल्यो ।

**पोखरा विमानस्थल बीआरआइ अन्तरगत हो त ?**

ऋृण सहायता लिँदा, हस्ताक्षर गर्दा, हस्तान्तरण गर्दा पोखरा विमानस्थललाई बीआरआइअन्तर्गतको आयोजना कहिल्यै भनिएन तर चीनले पोखरा विमानस्थल उद्घाटनको पूर्व सन्ध्यामा यो बीआरआइ हो भनि घोषणा गरेको छ । यो पक्कै पनि संयोग छैन होला । चिनियाँ दूतावासका प्रवक्ताको आधिकारिक ट्वीटरमा लेखिएको छ, 'यो (पोखरा अन्तर्राष्ट्रिय विमास्थल) नेपाल-चीन बीआरआई सहयोगको प्रमुख परियोजना हो। नेपाल सरकार र नेपाली जनतालाई हार्दिक बधाई !' प्रधानमन्त्रीमा प्रचण्ड नियुक्त मात्र हुनुभएको थियो । सपथग्रहण पनि गर्नुभएको थिएन । चीनका विदेश मन्त्रालयले पुस ११ गते नै बीआरआइ कार्यान्वयमा नयाँ सरकारले सहयोग गर्ने अपेक्षा गरेको भन्यो । त्यसपछि भएको पोखरा विमान स्थलको उद्घाटनको क्रममा चीनले यो बीआरआइअन्तरर्गतकै प्रोजेक्ट रहेको भन्यो । जबकि 'पोखरा अन्तर्राष्ट्रिय विमास्थल चीनको एक्जिम बैंकबाट चर्को व्याजमा ऋृण लिएर बनेको हो। आगामी मार्चबाट व्याज र ऋृण दुबै तिर्नुपर्ने नेपाल सरकारको बाध्यता छ,'ऋृणको किस्ता (सावाँ ब्याज) तिर्न र सञ्चालन खर्च जुटाउन मात्रै यो विमानस्थलले वर्षमा करिब साढे २ अर्बभन्दा बढीको 'बिजनेस' गर्न सक्नुपर्छ ।

बीआरआई चिनियाँ राष्ट्रपति सी जिनपिङ्गको विश्वमा आफ्नो आर्थिक एवं राजनीतिक प्रभाव बढाउने परियोजना हो । नेपालले पनि सन् २०१७ मे १२ मा यसमा हस्ताक्षर गरेको हो । नेपालले बीआरआईअन्तर्गत नौ आयोजना प्रस्ताव पनि गरेको छ । प्रस्तावित परियोजनामा विमानस्थल निर्माणको बारेमा कही उल्लेख छैन । उपरोक्त बिआरआई अन्तर्गतका आयोजना ऋृण, अनुदान वा सहुलियतपूर्ण ऋृणमा कसरी बन्ने भन्ने पनि टुङ्गो लागेको पनि छैन । सम्झौता भएको पाँच वर्ष बितिसक्दा पनि बीआरआई कार्यान्वयनको चरणमा प्रवेश नै गरेको छैन तर एकैपटक पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण नै बीआरआईअन्तर्गत भएको भन्ने चिनियाँ कार्यवाहक राजदूतको घोषणाले नेपालीलाई झस्काएका छ ।

हामी ऋृण लिएर पूर्वाधार बनाउँछौं, ऋृण तिर्छौं पनि तर त्यतिका भरमा राष्ट्रिय स्वाभिमान र अस्मितामाथि ऋृणदाताबाट भएको अवमूल्यन सह्य योग्य कसरी हुन सक्छ । चिनियाँ कूटनीतिज्ञबाट हठात् र आश्चर्यजनकरूपमा प्रकट अभिव्यक्तिले गम्भीर सन्देह उब्जाएको छ । पोखरा अन्तर्राष्ट्रिय विमानस्थलमा चीनको एक्जिम बैंकबाट झन्डै २२ अर्ब रुपियाँ वार्षिक दुई प्रतिशत ब्याजदरमा २० वर्षको लागि लिइएको हो । विश्व बैंक र अन्य दाता राष्ट्रहरूले ०.५ प्रतिशत तथा जापानले ०.०१ प्रतिशतमा ऋृण उपलब्ध गराउँदै आएको छ । ऋृणको रकम चीनले दिने, प्राविधिक, ठेकेदार र अधिकाँश मजदूर पनि उसकै हुने, निर्माण कार्य सम्पन्न भएपछि त्यो आयोजना हामीलाई हस्तान्तरण हुने हो । पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको निर्माणमा भएको लगानी अनुसारको आय अथवा प्रतिफल आएन भने देशलाई चिनियाँ ऋृण चुक्ता गर्न कठिन हुनेछ । फेरि बीआरआईको ऋृणलाई अनुदानमा पनि परिणत गर्ने काम हुँदैन । आयोजना निर्माणमा चीनको कुनै पनि किसिमको सहभागिता हुने बित्तिकै स्वामित्व लिने गरेको छ । यहाँसम्म कि चीनले बीआरआईअन्तर्गत 'लुम्बिनीको गौतम बुद्ध विमानस्थल, जहाँ एडीबीको लगानी छ र चिनियाँ ठेकेदारले काम गरेका छन्,' त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल जसको सुधार गर्ने खर्च नेपाल सरकारको हो, जिम्मेवारी भने चिनियाँ कम्पनीलाई दिइएको छ,' त्यो सबै बीआरआइ हो, अरे । के हुँदै छ, के गर्न खोजिदै छ ?

**विश्वमा चीनको सम्राज्य**

१३ फागुन २०७७ मा पैचिङस्थित 'ग्रेट हल अफ दी पिपुल्स' मा आयोजित भव्य कार्यक्रममा चिनियाँ राष्ट्रपति सी चिनफिङले गरीबी बिरुद्धको लडाइँमा देशले पूर्ण सफलता पाएको उद्घोष गरे। आफू समृद्ध भएसँगै देश बाहिर चियाउन थालेको चीनको शक्ति सामर्थ्य पनि बढ्दो छ, भूराजनीतिमा। चिनियाँ प्रभाव नेपालको बन्दव्यापारबाट आन्तरिक राजनीतिमै दखल दिने तहमा पुगिसकेको छ ।

चिनियाँ व्यापारी र लगानीकर्ताले अफ्रिका, एशिया, यूरोप, अमेरिका लगायत दुनियाँको कुनै ठाउँ बाँकी राखेन । सर्वत्र हात फैलाएका चिनियाँको उपस्थिति ब्रिटिस इस्ट इन्डिया कम्पनिझैँ अब राजनीतिमै दखल दिने तहमा पुग्न थालिसकेको छ। यसैको फलस्वरूप पछिल्लो एक दशकमा चीन अनेकौं भूमिकामा नेपालमा देखापरेको छ, दृश्य-अदृश्य दुवै रूपमा । पूर्व प्रधानमन्त्री केपी शर्मा ओलीले चीनसँग सम्बन्ध विस्तारका लागि दीर्घकालीन महत्व राख्ने समझदारीहरू गरे । २०७६ वैशाखमा बेइजिङमा आयोजित बेल्ट एण्ड रोड (बीआरआई) फोरममा राष्ट्रपति विद्यादेवी भण्डारीको सहभागितासँगै नेपाल र चीनबीच 'क्रस बोर्डर रेलवेज सहितको नेपाल-चाइना ट्रान्स-हिमालयन मल्टिडाइमेन्सनल कनेक्टिभिटी नेटवर्क' मा हस्ताक्षर भयो। २०७६ सालमा चिनियाँ राष्ट्रपति सी चिनफिङको भ्रमण चीनको नेपाल रुचिलाई प्रतिविम्बित गर्ने महत्ववपूर्ण परिघटना थियो ।

**टेलिकममा एकाधिकार**

सुरूमा नेपालका दूरसञ्चार सेवामा यूरोपका कम्पनीहरूले उपकरण दिएकोमा अहिले देशका दुई ठूला दूरसञ्चार सेवाप्रदायक नेपाल टेलिकम र एनसेलको उपकरणमा चिनियाँ कम्पनी हुवावे र जेडटीईको एकाधिकार सरह छ । ठूलाठूला ठेक्का मात्र होइन सानो सानो ठेक्का, कारखाना मात्र होइन, ठमेलका कैयौं नेपाली व्यवसायी त विस्थापित नै भए, चिनियाँ व्यापारीको व्यापारको आक्रामक शैलीका कारण ।

तत्कालीन प्रधानमन्त्री प्रचण्डको अन्तिम मन्त्रिपरिषद् बैठकले २०७४ जेठ ९ गतेमा बूढीगण्डकी जलविद्युत् परियोजना निर्माणका लागि बिना प्रतिस्पर्धा चाइना कचौपा ग्रुप कर्पोरेसन (सीजीजीसी) लाई सैद्धान्तिक सहमति दिने निर्णय गरेको थियो। त्यसको १२औं दिनमा राजीनामा दिइसकेको सरकारका तत्कालीन ऊर्जामन्त्री जनार्दन शर्माले सीजीजीसीका अध्यक्ष ल्यू चस्याङसँग प्रधानमन्त्री निवास बालुवाटार पुगेर यो परियोजनाको निर्माणको जिम्मा सीजीजीसीलाई दिने समझदारी पत्रमा हस्ताक्षर गरेका थिए।

चिनियाँ एक्जिम बैंकको लगानी भएको पोखरा अन्तर्राष्ट्रिय विमानस्थल परियोजनामा चिनियाँ कम्पनीले मात्र टेन्डर हाल्न पाउने तय मात्र गरिएको थिएन, सीएमसी इन्जिनियरिङ नामक कम्पनीलाई नै आयोजना निर्माणको ठेक्का दिलाउन चिनियाँ राजदूतावास नै सक्रिय भएको थियो। आफैंले डिजाइन (इन्जिनियरङ), खरीद, निर्माण तथा वित्त व्यवस्थापन समेत गर्ने मोडलका कारण चिनियाँहरूले परियोजनाको लागत नै कैयौं गुणा बढाएर लाभ दोहन गर्छन्।

**निगममाथि धावा**

चीनको व्यावसायिक स्वार्थको मूल्य कति चर्को पर्छ भन्ने उदाहरण चीनले भिडाएका नेपाल वायुसेवा निगमका विमानले देखाउँछन्। चीनले आफ्नो होल्डिङ कम्पनी एभिकको जहाज नेपाललाई भिडाउन ठूलै कूटनीतिक बल लगाएको थियो, एक दशक अगाडि। चीनले २०६९ सालमा ६ वटा जहाज (चार वटा वाई-१२ई र दुई वटा एमए-६०) भिडाउन नेपाललाई ऋृण समेत दिएको थियो। दुई जहाज चीनले सित्तैंमा दिएको भनिएको यो खरीदमा सरकारको ४ अर्ब ३२ करोड रुपियाँ खर्च भएको थियो। तर, कामै नलाग्ने यी जहाज थन्किन पुगे, जसले गर्दा निगमको वित्त भार झनझन चुल्याउँदै लग्यो।

चिनियाँ अर्थ-राजनीतिक प्रणालीको छवि विश्वव्यापी रूपमा देखाउन चीनले सुनियोजित रूपमा विश्वभरि नै सौम्य शक्ति (सफ्ट पावर)को रूपमा भाषा सिकाउने अभियान सञ्चालन गरिरहेको छ। यसैको फलस्वरूप अहिले नेपालभर खुलेका छन्, चिनियाँ भाषा सिकाउने केन्द्रहरू। सन् २००७ मा काठमाडौं विश्वविद्यालयमा चीन सरकारको अङ्गका रूपमा रहेका कन्फुसियस केन्द्र खुलेकोमा अहिले देशभरिका झण्डै एक सय विद्यालयमा चिनियाँ भाषा सिकाइन्छ, कतिपयले त अनिवार्य समेत गरेका छन्। काठमाडौंस्थित चिनियाँ राजदूतावासले भाषा सिकाउन विद्यालयहरूमा स्वयंसेवी शिक्षक उपलब्ध गराउने गरेको छ ।

सन् २०१९ मा चिनियाँ विदेशमन्त्री वाङ यीको नेपाल भ्रमण दौरान चिनियाँ भाषा प्रवर्द्धनका लागि चिनियाँ स्वयंसेवी शिक्षक उपलब्ध गराउने सम्बन्धी सम्झैता नै गरिएको थियो।

नेपालमा रहेका तिब्बती शरणार्थीको मानवअधिकारका विषयमा त चीनले सुन्नै चाहँदैन । 'एक चीन नीति' प्रतिको बफादारिता देखाउन नेपालले चिनियाँ इच्छामै यी शरणार्थीको मानवअधिकार प्रति आँखा चिम्लिदिँदै आएको छ। तिब्बती शरणार्थीहरूलाई पक्रिएर चीनलाई हस्तान्तरण गरेबापत नेपाली अधिकारीहरूलाई चीनले नजराना दिने गरेको सूचना एक दशकअघि नै विकिलिक्सले खुलासा गरेको थियो। नेपाल आएका अमेरिकी नागरिक पेम्पा छिरिङलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल कार्यालयले नियन्त्रणमा लिएर अमेरिका नै फिर्ता पठाइदियो, चीनको इच्छा मुताबिक। तर, उनी अमेरिकी नागरिक थिए । चीनकै आग्रहमा हुनसक्छ, काठमाडौंमा तिब्बती शरणार्थीका कैयौं स्वतन्त्र गतिविधिलाई रोक लगाइने गरेको छ। त्यसैले, तिब्बती नागरिकको मानवअधिकारको मुद्दा झनझन ओझेल पर्दै गएको छ। सम्भवतः चीन रिसाउला भन्ने भयले तिब्बती शरणार्थीमाथि भइरहेको गैरलोकतान्त्रिक दबाव बारे काठमाडौंको बौद्धिक वृत्तमा छलफल चल्दैन ।

**सीमा विवाद**

कांग्रेसका नेता तथा पूर्व मन्त्री जीवनबहादुर शाहीले नेपाल-चीन सीमा विवादका विषयमा स्थलगत अध्ययन गरी प्रतिवेदन बुझाएपछि चिनियाँ कम्युनिष्ट पार्टीको मुखपत्र ग्लोबल टाइम्सले भारतीय र अमेरिकी स्वार्थमा उनले विवाद झिकेको भनि तिखो आलोचना गर्यो। काठमाडौंस्थित चिनियाँ दूतावासले पनि नेपाली कांग्रेसलाई खेद सहितको पत्र नै पठायो । आफूलाई अप्ठ्यारो पर्ने कुरालाई कार्पेटमुनि नै राख्न चाहने शैली भएकाले हुनसक्छ, नेपालसँगको सीमा विवादको विषयमा सुन्नै र छलफल गर्नै चाहँदैन, चीन । जसरी, सिन्च्याङमा मुस्लिम समुदाय वा तिब्बतमा दलाई लामाका अनुयायीको मानवअधिकारको विषयमा उठाइने प्रश्नलाई चीनले सधैं दुत्कार्छ, त्यसै गरी सीमाका कुरा पनि पन्छाउने गरेको छ ।

दुई देशको सीमा-नाकामा त चिनियाँकै दबदबा हुँदै आएको छ, लामो समयदेखि। २०७२ को भूकम्पपछि नै विभिन्न बहानामा तातोपानी नाका बन्द गर्दै आएको चीनले कोरोना महामारी शुरू भए यता रसुवागढी नाका पनि लामो समय बन्द गर्‍यो। सकसमा परेको नेपालले पटक पटक यी नाकाबाट सहज व्यापारका लागि अनुरोध गर्दै आए पनि चीनले नेपाली आग्रहलाई पन्छाउँदै गयो। तर प्रधानमन्त्रीमा प्रचण्ड नियुक्त हुने वित्तिकै त्यो खुल्ला भएको थियो तर अहिले नेपालको राजनीति फेरि कोल्टो फेर्ने देखेपछि पुनः नाका बन्द गरेको छ ।

हुम्लामा चीनले नेपाली भूमि अतिक्रमण गरी भवन निर्माण गरेको विषय चर्चामा छ। तर नेकपा नेतृत्वको सरकारले त्यसलाई अनुगमन र अनुसन्धान गर्नुको साटो प्रतिक्रियात्मक जवाफ दिँदै आएको थियो। केही समयअघि गोरखामा १७० घरधुरी भएको रुई गाउँ चीनले हस्तक्षेप गरी आफ्नोमा गाभेको विषय पनि भाइरल भयो। तर कम्युनिस्ट सरकारकासामु ती सबै सेलाए। बाहिर आएका कुरा सबै झुटो सावित भए। तर कालापानी, लिम्पियाधुरा र लिपुलेकमा सीमा मिचिएको कुरा आएपछि प्रधानमन्त्री आफैं अग्रसर भएर प्रतिक्रिया दिन थाले। यतिसम्म कि महामारीको समयमा भोक र रोगले मृत्युवरण गरिरहेका आफ्ना नागरिकको जीवन जोगाउन छाडेर नक्साको विवादमा अल्झिए।चीनसँग झण्डै आधादर्जन सीमा स्तम्भबारे विवाद छ। सगरमाथाको उचाइको बारेमा पनि दुई देश एकमत छैनन् । थुप्रै सीमा स्तम्भ हराएका छन्। नेपाल र चीन सीमाको लम्बाइ एक हजार ४१४ किलोमिटर छ। पूर्व सिक्किम सीमादेखि पश्चिम लिपुलेकसम्म ६९ वटा सीमा स्तम्भ छन्। सन् २००५ मा भएको सर्वेक्षणमा ३७, ३८, र ६२ नम्बरको सीमा स्तम्भ भेटिएको थिएन। ३७ र ३८ नम्बरको सीमा स्तम्भ गोरखाको तोम खोलामा पर्छ। त्यहाँ त सन् १९७८ मा सीमांकन हुँदादेखि नै सीमा स्तम्भ भेटिएको छैन। सोलुखुम्बुको नाम्पा भञ्ज्याङमा रहेको ६२ नम्बरको सीमा स्तम्भ पनि छैन। सबैभन्दा ठूलो समस्या सगरमाथाको ५७ नम्बरको सीमा स्तम्भमा छ। जुन स्तम्भ दोलखाको लामाबगर पूर्वपट्टिको कोर्लाङपारिको टुप्पोमा हुनुपर्नेमा पहाडको फेदमा छ। त्यहाँ त्यो सीमा स्तम्भ कसरी पुग्यो ?

**पहिला चीन कि तिब्बत ?**

आफ्नै मूलभूमिको हिस्सा भएको आधा शताब्दी नाघिसक्दा पनि चीनले अझै तिब्बतलाई सशङ्कित रूपमा हेर्दै आएको छ। नेपालको सम्बन्ध चीन भन्दा पनि तिब्बतसँग थियो । चीनले तिब्बतमाथि कब्जा जमाएपछि मात्रै चीनसित नेपालको कूटनीतिक सम्बन्ध कायम भएको हो । तर चीन अहिले तिब्बतसँग नेपालको ऐतिहासिक सम्बन्धको कुरा गर्दैन। अर्थात्, चीन विगतमा तिब्बत छुट्टै देश थियो भन्ने कुरा उप्काउन समेत चाहँदैन। नेपाल-चीन सम्बन्ध भनेको नेपाल-तिब्बत सम्बन्ध पनि हो ।

तर तिब्बत नेपाल बिचको त्यो एतिहासिक सम्बन्ध न उप्किओस् भनेर चीन जहिल्यै आफू प्रतिको वफादारिताको सुनिश्चितता खोजिरहन्छ ।

बाँकी पृष्ठ ८ मा

अन्तरवार्ता



# जसपाले उपराष्ट्रपतिमा दावी गर्नु स्वभाविक अधिकार हो

**विष्णु साह**, नेता, जनता समाजवादी पार्टी नेपाल

**२०७० को दोस्रो संविधान सभा चुनावमा माओवादी केन्द्रका अध्यक्ष प्रचण्डसँग सिरहामा प्रतिस्पर्धा गर्नुभएका विष्णु साहले त्यसपछिका दुईटा चुनावमा टिकटका लागि प्रयास गर्नुभयो तर पाउनु भएन। जनता समाजवादी पार्टी मधेश प्रदेश समितिका सदस्य एवं सिरहा जिल्लाका सह इन्चार्ज विष्णु साह मधेश आन्दोलनदेखि मधेशी जनअधिकार फोरम हुँदै सक्रिय राजनीतिमा लाग्नु भएको छ तर समयमा पार्टीले मूल्यांकन नगरेको गुनासो उहाँको छ। समाजिक सेवामा समेत सक्रिय विष्णु साह सिरहा समाज सेवाको अध्यक्ष, चुरे संरक्षण तथा पर्यटन प्रवर्द्धन फाउण्डेशनको मधेश प्रदेशको अध्यक्ष, होटेल तथा पर्यटन महासंघ नेपालको उपाध्यक्ष समेत रहनु भएको छ। प्रस्तुत छ, चुनावको समिक्षा, मधेश सरकार, संघीय सरकार, मधेशमा जसपाको उपस्थितिलगायतका विषयमा सहारा टाइम्सले जसपाका नेता विष्णु साहसँग गरेको कुराकानीको सम्पादीत अंशः**

**तपाईले २०७० को दोस्रो संविधान सभा चुनावमा माओवादीका अध्यक्ष प्रचण्डसँग सिरहामा प्रतिस्पर्धा गर्नुभएको थियो। त्यो बेलाको चुनाव र अहिलेको चुनावमा के अन्तर पाउनुभयो ?**

यी दुईटै चुनावमा खासै अन्तर देखिन मैले। यद्यपी २०७० को चुनाव संविधान निर्माणका लागि संविधान सभाको चुनाव भएको थियो। र, यो २०७९ को चुनाव संविधान सभाबाट निर्माण भएको संविधानलाई संस्थागत गर्न, लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्न चुनाव भएको हो। हुन त २०७० पछि अर्को चुनाव २०७४ मा पनि भएको थियो। २०६५ को संविधान सभा चुनाव जस्तै शक्ति समिकरण २०७४ को चुनाव भयो। २०७० को चुनाव जस्तै २०७९ को चुनाव भयो। २०६४ को पहिलो संविधान सभा चुनावमा परिवर्तनकारी शक्तिको ठूलो शक्ति संविधान सभामा आएका थिए। त्यतिबेला साँच्चै परिवर्तनको महसुस भइरहेको थियो। तर २०७० सम्म आइपुग्दा पुनः पुरानै शक्ति हावी भयो। र, माओवादीसहित तत्कालिन मधेशवादी शक्ति कमजोर भयो। त्यसैले सोचेको जस्तो संविधान निर्माण हुन सकेन। त्यसको पाठ सिक्दै परिवर्तनकारी शक्तिहरु एक ठाउँमा आएपछि २०७४ मा फेरि नयाँ शक्तिको अनुभुति भइरहेको थियो। तर २०७९ मा त्यो शक्ति छिनभिन्न भयो। संघीयता विरोधी शक्तिलगायत पुरानै शक्तिको हालीमुहाली भयो। संसदमा राजावादी, संघीयता विरोधी शक्तिको हालीमुहाली भयो। २०४७ सालको राजनीतिक अवस्थालाई झझल्को अहिले दिइरहेको छ। २०७० मा माओवादीका अध्यक्ष प्रचण्ड अरु ठाउँबाट चुनाव जित्ने अवस्था नदेखेपछि सिरहाबाट चुनाव लड्नु भएको थियो। त्यो बेलाको जुन अवस्था थियो प्रचण्डका लाीग त्यही अवस्था यसपाली पनि सृजना भयो र त्यही भएर उहाँ गोरखा गएर चुनाव लड्नुभयो। तर अहिले त्यही राजावादी र संघीयता विरोधी शक्तिको साथ लिएर प्रचण्ड सरकार बनाउनुभयो। अहिलेको अवस्थामा संघीयतावादी र संघीयता विरोधी शक्तिहरु अलग अलग हुने अवस्था आएको छ। यस अवस्थामा प्रचण्डजीले कस्तो भूमिका खेल्नु हुन्छ त्यो हेर्न बाँकी छ। संघीयता र गणतन्त्र जोगाउन सक्नु भयो भने मात्र राष्ट्रवादी नेता बन्न सक्नुहुन्छ। यदि सक्नु भएन भने असफल नेताको रुपमा चित्रित गरिनेछ।

**प्रचण्डलाई असफल नेताको रुपमा तपाई चित्रित गर्नुभयो। प्रचण्डसँग तपाई चुनाव लडेपछि दुईटा चुनाव भए तर ती दुईटै चुनाव लड्नु भएन किन ?**

संयोग नै त्यस्तो भयो। हुन त म २०५१ देखि नै काँग्रेसको विद्यार्थी राजनीतिमा आएको हुँ। म लगातार राजनीतिमै छु। कहिले सक्रिय र कहिले निस्कृय भएर लागि रहे। तर चुनावको राजनीतिमा मैले २०७० मा आएको हुँ। मधेशी जनअधिकार फोरमबाट संविधान सभाको चुनावमा प्रचण्डसँग प्रतिस्पार्धा गरे। त्यो चुनाव मेरो लागि निकै अनुभवि रह्यो। राष्ट्रिय रुपमा मलाई परिचित गराउने काम भयो। जनताले पनि मलाई त्यहीबेलादेखि एउटा नेताको रुपमा चिन्न थाले। २०७० को चुनाव म जितिनन् तर अर्को चुनाव अवश्य जित्छु भनि लागेर म त्यसको तयारीमा लागे। तीन चार वर्ष म आफ्नो क्षेत्रमा निकै मेहनत गरे। तर तत्कालिन राजपासँग चुनावी तालमेल भएको कारण सो प्रदेश र संघीय दुवै क्षेत्र राजपाको भागमा पर्‍यो। र, म अन्त्यमा टिकटबाट बन्चित भए। मैले टिकट नपाउन् भनेर मैरै पार्टीका नेताहरु भूमिका खेलेका थिए। त्यो कुरा पनि थाह पाएको थिए। फेरि, अगामी चुनावको तयारीमा जुटे। पार्टीबाट पनि अगामी चुनावमा टिकट दिने कन्फर्म गर्‍यो। म त्यसको तयारीमा लगातार चार पाँच वर्ष जनताको बीचमा रहेर काम गरे। टिकटका लागि पालिका, जिल्लालगायत सबै क्षेत्रबाट सिफारिस पनि भयो। चुनाव लड्छु भनि सबै किसिमले तयारी गरेको थिए। तर अन्त्यमा एमाले र जसपाबीच चुनावी गठबन्धन भयो र मैले चुनाव लड्ने सिरहा क्षेत्र नम्बर ४ (क) एमालेको भागमा पर्‍यो। र म फेरि टिकटबाट बन्चित भए।

**तपाईसँग मात्र किन यस्तो हुन्छ, जब प्रचण्डसँग चुनाव लड्ने अवस्था आयो भने तपाईलाई अघि सार्‍यो जब चुनाव जित्ने अवस्थामा तपाईले टिकट पाउने बेला भयो अनि अरु दललाई टिकट दियो। पार्टीले तपाईलाई मूल्यांकन गरेको हो कि अवमूल्यन गरेको हो ?**

साँच्चै भन्ने हो भने पार्टीले चाहेको भए अरु दलसँग बार्गेनिङ गरेर सो क्षेत्र लिन सकिन्थ्यो तर मेरो विचारमा पार्टीले त्यसमा ध्यान नदिएको जस्तो लाग्यो। अब यसले मलाई मूल्यांकन गरेको छ कि अबमूल्यन गरेको छ त्यो म भन्न सकिन्न तर मलाई टिकट नदिँदा त्यहाँको जनताले चित्त दुखाएकै हो। पार्टीले तपाईलाई किन टिकट दिएन भनि मलाई प्रश्न गरेका हुन्छन्। अनि मैले पार्टीले जे निर्णय गर्‍यो त्यो स्विकार गर्नुपर्छ भनेर टार्छु। तर पार्टीले टिकट नदिँदा मलाई दुख लागेकै छ। तर संयोग मलाई टिकट नदिएर गठबन्धनका सहयोगी दललाई टिकट दिँदा पनि दुवै पटक उनीहरु चुनाव हारे। मैले उनीहरुलाई सहयोग गरेपनि त्यहाँका जनताले उनीहरुलाई रुचाएन भने कुरा स्पष्ट भयो। जनताले अरुलाई नरुचाएका कुरा स्पष्ट दुवैपटक भयो। त्यो क्षेत्रमा म २०५१ सालदेखि काम गरेको छु। राजनीतिक दलको माध्यमले मात्र होइन, विभिन्न समाजिक संघ संस्थाको माध्यमबाट पनि आफ्नो क्षेत्रमा मैले काम गरेको हुँ। जसको जनाधार छ, जसको जनतामा लोकप्रियता छ त्यसलाई टिकट दिनुपर्छ। म आशा गर्छु कि अगामी चुनावमा पार्टीले पुनः त्यो गलती दोहोर्‍याउने छैन। म त्यो क्षेत्रका लागि टिकटको दावेदार हुँ र मैले टिकट पाउनुपर्छ भनि अहिलेदेखि भन्दै आएको छु र त्यसको तयारीमा पनि लागेको छु।

**चुनाव आउन पाँच वर्ष बाँकी छ, अहिलेदेखि तपाई टिकटको दावी प्रस्तुत गरिरहनु भएको छ, त्यो बेला तपाईले नै टिकट पाउनु हुन्छ भनि के ग्यारेण्टी छ ?**

हेर्नुस् राजनीति हो। नेपालको राजनीतिमा कुन बेला के हुन्छ त्यसको कुनै ग्यारेण्टी छैन भने मेरो टिकटको के ग्यारेण्टी हुन्छ तर आफ्नो दावी त गर्न पाइन्छ नि। भोली पार्टी नै नरहला अनि कसरी टिकट पाउँछु। भोली म नै राजनीति छाडुला अनि टिकट लिएर के गर्नु। अर्थात पाँच वर्षमा जे पनि हुनसक्छ भनि एउटा अनुमान छ तर एउटा लक्ष्य लिएर त हिड्नुपर्छ नि। यदि त्यो बेला पनि पार्टीले टिकट दिएन भने त्यो बेला केही थप निर्णय लिन्छु।

**पार्टीले टिकट दिएन भने अरु पार्टीबाट पनि चुनाव लड्नु हुन्छ होइन ?**

राजनीति गरिरहेको छु भने केही नकेही गर्छु नि त। यदि पार्टीले टिकटै दिएन भने के गर्ने तपाई नै भन्नुस् न। राजनीति मान्छे किन गर्छ चुनाव लड्नका लागि। चुनाव जितेर राज्यको नीति निर्माणको तहमा गएर जनताका लागि केही गर्ने सोच सबैको हुन्छ। यदि त्यही गर्न पाइएन भने बाध्य भएर विकल्प खोज्नुपर्छ। तर मलाई विश्वास छ कि विकल्प खोज्ने अवस्था आउँदैन।

**तपाई २०५१ देखि नै नेपालको राजनीतिमा लाग्नु भएको छ। मधेश आन्दोलनमा पनि मधेशी जनअधिकार फोरममार्फत सक्रिय रहनु भयो। त्यो अनुभवको आधारमा भन्नुस् कि यसपटको चुनावमा जसपा किन कमजोर भयो ?**

यसपटको चुनावमा जसपा कमजोर हुनुको मुख्यत तीनटा कारण मैले देखेको छु। पहिलो कारण त पार्टीभित्रको आन्तरिक द्वन्द नै हो। आन्तरिक द्वन्दका कारण क्षेत्रहरुमा पार्टी कमजोर भयो र टिकट वितरण पनि समुचित ढंगबाट भएन। आफ्नै पार्टीका कतिपय नेता आफ्नै उम्मेदवारलाई हराउने भूमिका खेले। अर्को कारण, जसपाले मधेश तथा केन्द्रमा पाँच वर्षसम्म सरकारमा रह्यो। सबभन्दा बढी समय मधेश प्रदेशमा रह्यो तर कतिपय मन्त्रीहरुको कारणले जनताले सरकारको अनुभूति गर्न सकेन। त्यसको गुनासो थुप्रै भयो। तर त्यसप्रति कसैले ध्यान नै दिएनन्। त्यसको असर चुनावमा देखाइ दियो। अर्को तेस्रो कारण, एमालेसँग गठबन्धन हो। सुरुमा काँग्रेस, माओवादीको गठबन्धनमा पार्टी थियो। त्यसैबाट चुनाव लड्ने तयारी पनि थियो। त्यसैको आधारमा क्षेत्रहरुमा तयारी पनि चलिरहेको थियो। तर एकासी एमालेसँग गठबन्धन गर्नपुग्यो। मधेशमा एमालेप्रति नाकारात्मक धारणा छ, त्यस अवस्थामा जसपाले गठबन्धन बनाउनु धेरैका लागि असहाय भयो। त्यसबाट चुनावमा पार्टीलाई क्षति भयो। यी तीनटै कुरालाई पार्टीले म्यानेज गरेको भए मधेशमा सबभन्दा ठूलो पार्टी जसपा हुन्थ्यो।

**अहिले फेरि पनि मधेश प्रदेश सरकारको नेतृत्व जसपाले लिएको छ, यही सरकारको कारण फेरि आउने चुनावमा प्रभाव पर्दैन भने त्यसको ग्यारेन्टी के छ ?**

हो ठिक भन्नुभयो। जसपा पुनः मधेश प्रदेश सरकारको नेतृत्वमा आएको छ। विगतको कमिकमजोरी यसपटकको सरकारको पालामा नदोहोरिने प्रण लिनुपर्छ र त्यसमा सचेत पनि रहनु पर्छ। मधेशी जनताले दोस्रो चान्स दिएको छ सायद तेस्रो चान्स दिनेछैन। यदि राम्रो काम गरेन भने तेस्रो पटक जनताले त्यसको जवाफ राम्रोसँग दिनेछ। त्यसैले सचेत हुनु जरुरी छ। जनताको हितमा काम हुनुपर्छ। जनतालाई जे अश्वासन दिएको छ त्यो पुरा गर्नुपर्छ यदि पुरा गरिएन भने पार्टी र सरकार दुवैलाई क्षति हुन्छ। अहिलेको सरकारले शिक्षा, स्वास्थ्य र कृषिमा विशेष जोड दिनुपर्छ। यी तीनटै क्षेत्रलाई सुधार गर्न सकियो भने मधेश सरकार सफल भएको मानिनेछ। भ्रष्टाचार समाप्त गर्न पनि सरकारले कठोर नीति ल्याउनुपर्छ।

**जसपा नेपाल सत्ता गठबन्धनमै छ तर हालसम्म सरकारमा गएको छैन, त्यसको कारण के हुनसक्ला त ?**

पहिलो कारण त मधेशको माग नै हो। गठबन्धनमा भएपनि जसपाले उठाएको माग सरकारले सम्बोधन गर्नुपर्छ र त्यसपछि सम्मानजनक स्थान दियो भने मात्र सरकारमा जान्छ। तर जसपा नेपालले उठाएको मागको बारेमा हालसम्म गठबन्धन सरकारले केही बोलेको छैन। यहाँसम्म कि वार्ता गर्न पनि मानेको छैन। यसको मतबल गठबन्धनमा छ भन्दैमा आफ्नो एजेण्डा र मुद्दालाई छाडेर सरकारमा जानुपर्छ भने होइन। जसपाका लाीग सरकार ठूलो होइन, त्यसको लागि मुद्दा र एजेण्डा ठूलो हो। त्यसैले त्यसको सम्बोधन भएपछि मात्र सरकारमा जानुपर्छ।

**भनिन्छ, सरकारमा जाने नजाने कुरा उपराष्ट्रपति पदमा गएर रोकिएको छ के यो साँच्चै हो त ?**

मिडियामा आएको कुरामा कुनै सत्यता छैन। उपराष्ट्रपति मात्र होइन, हाम्रो दावी, राष्ट्रपति, प्रधानमन्त्री, सभामुखलगायत सबैमा छ। तर त्यसको लागि छलफल नै हुँदैन। माओवादी र एमालेले पद बाँडफाँटका लागि कुरा नै गर्न मान्दैनन्। ती दुई दल आफैआफैमा टुग्यांएका छन्। त्यसमा हामीमध्ये कसैसँग कुनै प्रकारका सोधपुछ गरेको छैन। त्यसैले उपराष्ट्रपतिमा हाम्रो उम्मेदवारी स्वभाविक हो। गठबन्धनमै रहेको हिसाबले एमालेले सभामुख पायो, स्वतन्त्र पार्टीले उपसभामुख पायो। माओवादीले प्रधानमन्त्री पायो त्यसपछि केही पाउने पालो जसपाको छ। जसपाले उपराष्ट्रपति मागेको छ। र, त्यो पाउनुपर्छ।

**मधेशवादी दललाई संसद तथा सरकारभन्दा अलग अलग राखेको छ, मधेशी शक्तिलाई किनारा लगाएर अरु अरु दलको हालीमुहाली देखिएको छ यस्तो किन ?**

‘घर फुटे गवार लुटे’ जस्तो अवस्था भएको छ। मधेशी दलको शक्तिलाई विभाजन गरेर बीचमा खेल्ने काम गरिरहेको छ। मुख्य रुपमा अहिले तराई मधेशका चारवटा शक्ति संसदमा छन् तर ती चारवटै शक्तिलाई अलग अलग राखेर मधेशी दललाई किनारा लगाइएको छ। आज जसपा, लोसपा, जनमत र नागरिक उन्मुक्ति एक ठाउँ भएको भए यो अवस्था आउने थिएन। यी चारै शक्ति एक ठाउँमा आयोस्। गठबन्धनका सरकार आफै सबै कुरा लिएर आफै खोज्दै आउनेछ। अलग अलग भएको कारण महत्व नदिएको हो।

मध्यपृष्ठ



# सिरहंदेखि काठम

# बेलाबेला रमिताला

केटाबाट पटक पटक यस्ता धम्कीहरु आउन थालेपछि त्यसबाट बच्ने एक उपाय भनेको बिहे नै हो भनि निष्कर्षमा परिवारका सदस्यहरु पुगेका थिए

रमिता काठमाडौं आएपछि श्रीमानको काका छोटेलाल यादवको डेरामा बस्नुभयो। त्यही छोटेलालले सुरेन्द्रसँग भन्नुभएको थियो, बुहारीको अँग्रेजी राम्रो छ भने काठमाडौं आउनुस् केही न केही उपाय गरौंला

बेला रमिताका नाना राजलाल यादव बिना विभागीय मन्त्री हुनुभयो। रमिताको नानाले मन्त्री क्वाटरमै आएर बस्न रमितालाई भन्नुभएको थियो तर रमिता जान मान्नु भएन

रेडियो नेपालमा 'हरवाह चरवाह' रेडियो नाटक सुरु भएको थियो। त्यसमा काम गर्ने मौका रमिताले पाउनु भएको थियो। रमिताको कामको तारिफ भयो। रमिताको कामको प्रशंसा बाहिर पनि हुन थाल्यो

**जीवन एउटा पाठशाला हो, यहाँ हरेक कुरा सिकाइन्छ। र त्यहाँबाट लिइने परीक्षामा कोही पास हुन्छन् भने कोही फेल। कोही फेल भए पनि पुनः पुनः परीक्षा दिन्छन्, एकदिन अवश्य पास भइन्छ भनि आशमा अगाडि बढी रहन्छन्। त्यस्तै जीवन भएको छ रमिता यादवको। रमिता यादवले यतिका सानै उमेरमा जीवनको अध्यायमा पटक पटक परीक्षा दिनुभएको छ। कुनैमा पास हुनुभएको छ भने कुनैमा फेल तर उहाँले अझै आफ्नो कोशिस छाड्नु भएको छैन।**

**२०६९ सालदेखि पत्रकारिता क्षेत्रमा प्रवेश गर्नुभएका रमिता यादव रेडियो नेपालमा हिन्दी समाचार वाचिका हुनुहुन्छ। त्यहाँ मधुरीमा हिन्दी कार्यक्रम चलाई रहनु भएको छ। जुन कार्यक्रम नेपाललगायत भारतमा पनि फेमस छ। पत्रकारिताका साथै उहाँ कालिकारिता क्षेत्रमा पनि पाइला टेक्नुभएको छ। रेडिया नाटक, थियेटर नाटक पनि गर्नुभएका रमिता विभिन्न विज्ञापनमा पनि काम गर्नुभएको छ तर रमिता भन्नुहुन्छ, 'यहाँसम्मको यात्रा सहज छैन र थिएन पनि, जीवनका परीक्षामा पास हुने प्रयास जारी छ।'**

**सिरहाको नरहा नगरपालिका बर्छवामा २०४९ भदौं ५ गते जन्मनु भएका रमिता यादवको विहे १७ वर्षकै उमेरमा सप्तरी डाक्नेश्वरी नगरपालिका गोविन्दपुर पातोका सुरेन्द्र यादवसँग भयो।**

**डरले विहे**

तपाई हामीलाई लाग्नसक्छ, यतिका कलिलो उमेरमा रमिताले किन बिहे गर्नुभएको होला। जब कि उहाँका हजुर बुवा, बुवा, आमा पनि मस्टर हुनुहुन्छ। यस्तो शिक्षित परिवार हुँदाहुँदै रमिताले बाल्यकालमै विहे गर्न बाध्य हुनुभयो। रमिता भन्नुहुन्छ, 'म सानै थिए, बिहे के हो, कस्तो हुन्छ केही थाह थिएन पढाई सिवाय समाजमा हुने कुनै पनि गतिविधि बारेमा मलाई थाह थिएन। आमा बुवाको इच्छा पनि छोरी पढाई लेखाई गरेर केही गरुन् नै थियो तर परस्थितिले यस्तो मोड लियो कि बिहे गर्न बाध्य बनायो।' रमिता १० कक्षामा अध्ययन गर्दा नै बिहेका कुराहरु चल्न सुरु भएको थियो।

लहानको लक्ष्मण ललिता कुशवाहा उच्च माविमा १-१० सम्म पढ्नु भएका रमिताका जीवनमा एउटा केटाले जवर्जस्ती प्रवेश गरेको थियो। सशस्त्र समूह जनतान्त्रिकमा रहेका त्यो केटाले रमितालाई मन पराउन थालेको थियो। स्कूल जाँदा आउँदा रमिताको अघिपछि गर्ने, बाटोमा जवर्जस्ती रोकेर बिहेको प्रस्ताव गर्ने जस्ता हर्कत त्यो केटाले गरेको थियो।

एकपटक त त्यो केटा रमिताको घरसम्म पुगेको थियो। घरबाट नै उठाएर लग्ने धम्की पनि दिएको थियो। त्यो बेला जनतान्त्रिक समूहको 'दहसत' थियो मधेशमा। डरले कोही बोल्दैन्थे। रमिता भन्नुहुन्छ, 'त्यो केटाले केहिले काहीं मेरो कन्चटमा बन्दुक भिराएर त कहिले घाँटीमा चक्कु भिराएर बिहे गर्ने दबाव दिन्थे तर म कहिले डराइनन्, मैले भन्थे 'तिमीलाई जे जे गर्न मन छ गर त म डराउनेबाला छैन तिम्रो डर धम्कीले तिमीसँग कुनै पनि हालतमा बिहे गर्दिन्।'

कतियौं पटक त्यो केटाले नाना (आमाको बुवा)-नानी (आमाको आमा) लाई मारेर फ्यालि दिने धम्की समेत दिन्थे। रमिताका नाना राजलाल यादव मधेशका चर्चित नेता हुनुहुन्छ। मधेश आन्दोलनमा अहम भूमिका खेल्नु भएको कारणलाई उहाँलाई सबैले चिन्छन्। तत्कालिन मधेशी जनअधिकार फोरमबाट संविधान सभा सदस्य भएर विना विभागीय मन्त्रीसम्म बन्नुभएको थियो। रमिताका आमा-बुवा दुवैजना शिक्षक भएका कारण उहाँहरु अलग अलग ठाउँमा रहनु भएको थियो। त्यही कारणले रमिता छ महिनाको हुँदादेखि नै उहाँका आमाले लहानस्थित आफ्नो बुवा राजलालको घरमा राख्नु भएको थियो। रमिताको देखभाल उहाँको नाना-नानीले नै गर्नुभएको थियो। त्यही पढाई पनि लेखाई गर्नुभयो।

**परिवारको निष्कर्ष**

त्यो केटाबाट पटक पटक यस्ता धम्कीहरु आउन थालेपछि त्यसबाट बच्ने एक उपाय भनेको बिहे नै हो भनि निष्कर्षमा परिवारका सदस्यहरु पुगेका थिए। सुरेन्द्र यादव त्यतिबेला सिरहा क्याम्पसमा अध्ययन गरिरहनु भएको थियो। सुरेन्द्र रमिताका सानी आमा संगिताको घरमा डेरा लिएर बस्नुहुन्थ्यो। संगिताको छोरीको बिहेमा रमिता सिरहा गएको बेला सुरेन्द्रले उहाँलाई मन पराउनुभएको थियो। उहाँले त्यही दिन रमिताका आमासँग कुरा गर्नुभएको थियो। त्यहीबाट सुरेन्द्र र रमिताको बिहेको कुरा उठेको थियो। २०६४ मा एसएलसी पास गर्नुभएका रमिता ११ मा पढी रहँदा २०६६ मा उहाँको बिहे भएको थियो। बिहे आदर्श नै भएको थियो, कुनै लेनादेना भएको थिएन।

प्लस टु पास गरेसम्म रमिता अधिकांश समय आफ्नो माइतीमै बस्नु भयो। कहिले काहीं आउ जाउ गर्नुहुन्थ्यो। बिहेको भएको थाह पाएपछि जनतान्त्रिकका त्यो केटाले बिस्तारै रमितालाई बिर्सिन थाल्यो। बिहे गरेर आएपछि सुरुमा टर्चर दिन खोज्यो तर सफल नभएपछि केटो त्यो बाटो नै छाड्यो। २०६८ मा प्लस टु पास गरेपछि रमिता श्रीमानको घर जानुभयो। बिहे भएपछि पढाई छुट्छ कि चिन्ता रमितालाई थियो। ससुराल गएपछि त्यो चिन्ता लिएर बेलाबेला रुने गर्नुहुन्थ्यो। त्यो देखेर उहाँका श्रीमान सुरेन्द्र यादवले त्यसको कारण सोध्नुभयो। रमिताले आफू अझ पढ्न चाहेको भन्नुभएको थियो। त्यसपछि उहाँका श्रीमान सुरेन्द्रले तिम्रो पढाईलाई कसैले रोक्न सक्दैन, तिमीलाई जसरी, जहाँ पढ्न मन लाग्छ पढ त्यसमा आफ्नो पूर्ण सहयोग रहने भन्नुभएको थियो। त्यसपछि रमिताको अनुहारमा खुशी देखिएको थियो। पढाईका लागि नै सुरेन्द्रले आफूसँग रमितालाई लिएर सिरहा जानु भयो। सिरहा क्याम्पसमा रमिताको नाम बीएडमा लेखाई दिनुभयो। त्यहीको एभरग्रीन बोर्डिङ स्कूल रमिताले पढाउन पनि थाल्नुभयो। जीवनको रथ राम्रोसँग चलिरहेको थियो तर रमितालाई क्याम्पसको पढाईप्रति चित्त नै बुझेको थिएन। उहाँलाई राम्रो कलेज अझ टियु (त्रिभुवन विश्व विद्यालय) मै पढ्ने इच्छा थियो। उहाँले टियुको नाम धेरैपटक सुन्नुभएको थियो।

सिरहा क्याम्पसमा बीएडको फर्स्ट इयरको परीक्षा दिएर श्रीमान सुरेन्द्रसँग रमिता वीरगञ्ज जानुभयो। त्यहाँ गएर डेरा लिएर ठाकुरराम बहुमुखी क्याम्पसमा पढ्न थाल्नुभयो। तर नाम लेखाउनु भएको थिएन। क्याम्पसको पढाई राम्रो भए पनि वीरगञ्जको वतावरण राम्रो लागेन रमितलाई। त्यहाँ आर्थिक अवस्था पनि राम्रो भएन उहाँको। बरु सिरहामा ठिक थियो, दुवैजना मिलाएर महिनाको २०-२५ हजार रुपियाँ कमाउनु हुन्थ्यो। तर वीरगञ्जमा छ महिनामै आर्थिक रुपले उहाँहरुको हालत खराब भयो। कोठा भाडा तिर्न

## डौँसम्मको यात्रा

# ई मुर्छित बनाउने त्यो काठमाडौं

समस्या थियो नै दैनिक छाक टार्न पनि गाह्रो भइरहेको थियो । रमिताले होम ट्युशन पढाउनु हुन्थ्यो । त्यसबाट महिनाको एक दुई हजार रुपियाँ हुन्थ्यो । रमिता त्यो दिन सम्झिदै भन्नुभयो, ‘श्रीमानजीले त्यहाँ गाउँको एउटा बोर्डिङ स्कूलमा पढाउनु हुन्थ्यो, त्यहाँ महिनाको एक दुई हजार मात्र दिन्थ्यो हामीलाई आर्थिक रुपले निकै समस्या पारयो, अर्कोतिर वीरगञ्जको वतावरण पनि राम्रो भएन ।’ त्यसपछि रमिताले काठमाडौँ जाने सोच बनाउनुभयो । काठमाडौं धेरै ठूलो सहर हो, त्यहाँ थुप्रै सम्भावना हुन्छन्, केही न केही काम पाइहालिन्छन् भनेर श्रीमान सुरेन्द्रलाई कन्भिन्स गरेर दुवैजना वीरगञ्जबाट झोलाझन्टी लिएर सिधै काठमाडौँ आउनु भयो ।

रमिता पहिलो पटक नाइट बस चढ्नुभयो । नाइट बस चढेर पहिलो पटक आफ्नो भविष्य खोज्न सपनाको सहर काठमाडौं आउँदै गर्दा रमिताको मनमा अनेक कुराहरु खेलिरहेको थियो । एकातिर उहाँमा उत्साह थियो भने अर्कोतिर भविष्यलाई लिएर चिन्ता पनि । पढ्नका लागि नै सिरहादेखि वीरगञ्ज र वीरगञ्जबाट काठमाडौसम्म आउनु भयो र त्यसमा उहाँको श्रीमान सुरेन्द्रको पुरै सहयोग थियो । सुरेन्द्र यादव सिरहा क्याम्पसमा पढाई गर्नुका साथै काँग्रेस पार्टीमा राजनीति गर्नुहुन्थ्यो । र, एउटा बोर्डिङ स्कुलमा पढाउनु पनि हुन्थ्यो । जीवन ठिक ठाक चलिरहेको थियो ।

तर रमिताको चाहनालाई पुरा गर्न ती सबै छाडेर हिड्नुभयो । आफ्नो भविष्यभन्दा रमिताको भविष्यप्रति चिन्तित हुँदै त्यसलाई सक्सेस बनाउन रमिताको पछिपछि हिड्न थाल्नुभयो ।

**सपनाको शहर काठमाडौं**

रमिता काठमाडौं आएपछि श्रीमानको काका छोटेलाल यादवको डेरामा बस्नुभयो । त्यही छोटेलालले सुरेन्द्रसँग भन्नुभएको थियो, बुहारीको अँग्रेजी राम्रो छ भने काठमाडौँ आउनुस् केही न केही उपाय गरौला । छोटेलाल आफैं पनि अंग्रेजीका प्रध्यापक हुनुहुन्छ । काठमाँडौको कुपण्डोलमा काका छोटेलालको डेरामा उहाँहरु बस्नुभयो । एक महिना जति बसेपछि उहाँहरुले कुपण्डोलमै महिनाको ३५ सयमा एउटा कोठा लिएर छुट्टै बस्न थाल्नुभयो ।

यत्रो ठूलो सहरमा हराए जस्तो फिल भयो रमितालाई । कहाँबाट के सुरु गरौं भनि सोच्न पनि सकिरहनु भएको थिएन । श्रीमान-श्रीमतीको काम विहान पत्रिका किनेर ल्याउने, त्यसमा आउने जागिरको विज्ञापनमा गोलो लगाउने र त्यसमा भएको नम्बरमा फोन गरेर बोलाएको ठाउँमा जाने । इन्टरभ्यु दिने र डकुमेन्ट्सहरु छाडेर आउने । यस्तो काम कम्तीमा १५ भन्दा बढी ठाउँमा गर्नुभयो । तर सोचे अनुसारको जागिर कतै पाउनुभएन । रमिताले पछि थाह पाउनु भयो कि त्यसरी पत्रिकामा विज्ञापन निकालेर बेरोजगारलाई ठग्ने काम मात्र गरिरहेका छन् । त्यसपछि त्यस्ता विज्ञापनको पछि लाग्न छाडेर उहाँले कुपण्डोलमा होम ट्युशन पढाउन थाल्नुभयो । सिरहा क्याम्पसबाट ताहचलमा आफ्नो बीएडको पढाईलाई सार्नुभयो । रमिता विहान कलेज जानुहुन्थ्यो । त्यसपछि दिनभर जागिर खोज्नका लागि काठमाडौँमा भौतारिनु हुन्थ्यो ।

श्रीमान पनि जागिरका लागि प्रयास गर्नुहुन्थ्यो तर श्रीमान सुरेन्द्रलाई आफूभन्दा पनि मेरो लागि बढी चिन्तित हुनुहुन्थ्यो, रमिता भन्नुभयो, ‘ उहाँले मलाई नै पुस गर्नुहुन्थ्यो, हामी दुईजना काठमाडौँको गलीगली घुम्यौं, जागिरका लागि सरकारी तथा गैरसरकारी कार्यालयहरुको ढोका ढकढकाइयौं तर केही पाएनौं ।’ आर्थिक रुपमा वीरगञ्जभन्दा बढ्ता हालत खराब भयो ।

ट्युशनबाट ४-५ हजार रुपियाँ आउथ्यो ।



त्यसले केही हुँदैन्थ्यो । महिनामा ३५ सय रुपियाँ घरभाडा नै तिर्नुपर्थ्यो । अन्य दैनिक गर्जो टार्न निकै नै समस्या हुन्थ्यो । घरबाट चामल आउँथ्यो । रमिता भन्नुहुन्छ, ‘१०-२० रुपियाँको रायो साग किनेर त्यसमा आलु मिसाएर भुटेर भातसँग खान्थ्यौं, खाजा त हाम्रो लागि अनौठो थियो, दुई छाक मात्र खाना खान्थे कहिले काही बिस्कुट या अरु केही खान्थे त्यो पनि निकै अप्ठ्यारो हुन्थ्यो ।’

बिहेको समयमा रमिताका आमा-बुवाले सुरेन्द्र-रमिताको नाममा संयुक्त खाता खोलेर डेढ लाख रुपियाँ राख दिनुभएको थियो । बिहेमा कुनै लेनदेन नभएको कारण छोरी र ज्वाइँलाई सुरुवातमा कुनै गाह्रो नहोस् भनेर त्यसरी बैंकमा रकम राखि दिनुभएको थियो । त्यो पैसा पनि सकिन लागेको थियो । सिरहादेखि वीरगञ्ज र वीरगञ्जदेखि काठमाडौसम्म आउँदा त्यो रकम पनि सकिन लागेको थियो । ठूला ठूला गर्जो त्यही रकमबाट टार्नु हुन्थ्यो । जस्तो, कलेजमा फि तिर्ने, कापी किताब किन्ने, विज्ञापनको फर्म भर्ने, नाम आइडमिशन गराउने जस्ता काम त्यही रकमबाट गर्नुहुन्थ्यो । एक दिन रमिता लुगा सिलाउन टेलरमा गइरहनु भएको थियो । विहेमा उहाँको आमाले दिनुभएको सुनको सिक्रि लगाउनु भएको थियो । बाइकमा आएका एकजनाले त्यो सिक्रि घाँटीबाट थुतेर भाग्यो । रमिता यादवको अगाडि अन्ध्यारो नै छायो । सर्वस्व लुटे जस्तो भयो उहाँलाई ।

जीवन चलाउन त्यो सिक्रिसँग रमिताको आशा जोडिएको थियो । निकै गाह्रो साह्रो भयो भने त्यसलाई पनि बेचेर काम चलाउने भरोसा थियो रमितालाई । त्यो पनि लुटियो । रमीता नराम्री गरी टुट्नुभयो । काठमाडौँमा अभावको जिन्दगी बितिरहेको थियो । त्यसमा आफूसँग रहेको सुन पनि लुटेर लगेपछि रमिता निकै दुखि हुनुभयो । प्रहरीमा खबर गरेपनि केही रेसपोन्स भएन । रमिताको आँखाबाट आँसु रोकिएको थिएन । छरछिमेकले सम्झाउने प्रयास गरे । श्रीमानले पनि सम्झाउनु भयो ।

के के सपना देखेर काठमाडौँ आउनु भएको थियो तर चार पाँच महिनामा काठमाडौंबाट मोह भङ्ग हुन थालेको थियो । फेरि सिरहा नै फर्किने सोच रमितामा नआएको होइन । तर फर्केपछि गाउँ समाजले के भन्ला, कता कता भौतारिदै असफल भएर फेरि सिरहा नै फर्कि आए । त्यो चिन्ताले पनि काठमाडौं छाडेर फर्किने सोच त्याग्नु भएको थियो उहाँहरु । रमिताका आमा बुवाले त काठमाडौँबाट फर्कि हाल, यहीं सिरहामा केही गर्नु, त्यहाँ यत्रो दुख गरेर बस्नु हुँदैन भनि सम्झाउने गर्नुहुन्थ्यो । तर रमिताले मान्नु भएन ।

रमिताको ससुरालबाट सहयोग भइरहेको थिएन । बरु ससुरालबाट छोरा-बुहारीले नै सहयोग गरोस् भन्ने चाहना थियो र त्यो स्वभाविक पनि थियो । छोरा-बुहारी दुवैजना पढे लेखेका छन्, काठमाडौँमा बसिरहेका छन् पक्कै केही न केही गर्दै होला । त्यही भएर ससुरालबाट केही सहयोग भइरहेको थिएन ।

**रेडियो नेपालको जागिर**

त्यही बेला रमिताका नाना राजलाल यादव बिना विभागीय मन्त्री हुनुभयो । रमिताको नानाले मन्त्री क्वाटरमै आएर बस्न रमितालाई भन्नुभएको थियो तर रमिता जान मान्नु भएन । ‘म मन्त्री क्वाटरमा बस्दिन, बरु सक्नुहुन्छ भने कही जागिर लगाई दिनुहोस् भनि मैले आफ्नो नानालाई भनेको थिए, रमिताले भन्नुभयो, ‘आफ्नै नाना मन्त्री भएपछि केही न केही जोगार किन नहोला भनि आशा थियो ।’

त्यतिबेला सुरेश कार्की रेडियो नेपालको निर्देशक हुनुहुन्थ्यो । राजलाल यादव र सुरेश कार्कीको राम्रो सम्बन्ध थियो । दुवैजना सिरहाकै हुनुहुन्छ । राजलालले सुरेश कार्कीलाई आफ्नी नातिनी रमिता र ज्वाई सुरेन्द्रको लागि कहिं कतै जागिर खोजि दिन भन्नुभएको थियो । त्यही बेला रेडियो नेपालमा हिन्दी समाचार वाचकको विज्ञापन थियो । त्यसअघि प्रियंका पाण्डे त्यहाँ काम गर्नु हुन्थ्यो । केही काम विशेषले उहाँ गाउँ गएपछि फर्केर आउनु भएको थिएन ।

रमितालाई त्यहाँ काम गर्न सक्नु हुन्छ भनि सोधिएको थियो । रमिताले केही दयाँ बयाँ नसोचि सिधै हो भन्नुभएको थियो । किनभने रमितालाई जागिरको निकै आवश्यकता थियो । जसरी पनि त्यो जागिर पाउनु पर्ने थियो रमितालाई । रमिताले त्यहाँ फर्म भर्नुभयो । त्यसअघि यसरी पत्रकारिता क्षेत्रको बारेमा उहाँले केही सोच्नु भएको थिएन । रेडियो र टीभी सुन्दा र हेर्दा आफूले पनि यस्तै गर्न पाए हुन्थ्यो भनि रमिताको मनमा थियो तर यसैमा काम गर्छु भनि सोच थिएन ।

रमिताको लागि बिल्कुल नयाँ क्षेत्र भयो । उहाँ फर्म भरेपछि त्यसको तयारीमा लाग्नुभयो । काठमाडौँमा हिन्दी भाषामा निस्किने पत्रपत्रिका तथा विभिन्न हिन्दी भाषाका किताबहरु कोठामा ल्याएर पढ्न थाल्नुभयो । ऐनाको अगाडि उभिएर समाचार पढ्ने प्राइक्टिस गर्न थाल्नुभयो । भाषा बनाउनुभयो । तीन महिनाको तयारीपछि उहाँले रेडियो नेपालमा परीक्षा दिनुभयो । सबै कुरा राम्रो भयो तर समाचार पढ्ने शैली पुगेन भनि उहाँलाई वेटिङमा राख्यो तर उहाँलाई रेडियो नेपालमा आएर सिक्ने मौका दिएका थियो ।

उहाँ सधै साँझ सात बजे रेडियो नेपाल जानुहुन्थ्यो । त्यहाँ समाचार कसरी बाचन गरिन्छ, कसरी लेखिन्छ, जस्ता कुरा सिक्न थाल्नुभयो । तीन महिनासम्म त्यस्तै गर्नुभयो । पत्रकारिता के हो सबै कुराको जानकारी त्यही तीन महिनामा लिनुभयो । पत्रकारिताको लागि रमिताको विद्यालय जस्तो भयो रेडियो नेपाल । २०७० बैशाख १ उहाँलाई नियुक्ति पत्र दियो । बुलेटिन आधारमा रमितालाई रेडियो नेपालमा जागिर भयो । महिनाको ६ हजार रुपियाँ दिएको थियो ।

रकम थोरै भएपनि रमिताका लागि त्यो धेरै नै थियो त्यतिबेला । उहाँले भन्नुभयो, ‘कम से कम महिनाको ६ हजार आउने बाटो त खुल्यो अरु देखा जाएगा जस्तो मलाई, अब कोठा भाडा तिर्न समस्या हुनेछैन । त्यसमै म खुशी थिए ।’ उता ट्युशन पढाउन पनि छाड्नु भएको थिएन तर विद्यार्थी एक दुईजना मात्र थियो । एक दुई हजार त्यहाँबाट पनि आउँथ्यो । श्रीमान सुरेन्द्र पनि बिजुलीको काम गर्न थाल्नु भयो । त्यहाँबाट महिनाको एक-दुई हजार मात्र आउथ्यो । यसरी जोरजाम गरेर रमिताको जीवनको पहिया (पाङ्ग्रा) काठमाडौंमा चलिरहेको थियो । तर अभावले कहिले साथ छाडेन । रेडियो नेपालमा काम गरिरहँदा बाहिर अन्य विकल्पको खोजीमा पनि रमिता लाग्नुभएको थियो । लोकसेवा आयोगको परीक्षा दिनुहुन्थ्यो । तीन चारपटक परीक्षा दिनुभयो तर पास हुनुभएन । प्राइभेट कम्पनी तथा स्कुलहरुमा धाउनुभयो तर कहीं कतै कुनै उपाय लागेन । राती रेडियो नेपालमा काम गर्नुहुन्थ्यो, दिनमा पढाई

**बाँकी पृष्ठ १२ मा**

# सिरहा नगरपालिका प्रमुखले भ्रष्टाचार गरेको पुष्टि !

सिरहा नगरपालिकाका प्रशासकीय अधिकृत बलिराम यादवसँग सोही पालिकाका परशुराम साहले पटक पटक सूचना माग्दा दिनुभएको छैन । त्यसको विरुद्धमा साहले राष्ट्रिय सूचना आयोगमा पुनारावेदन गर्दा नगरपालिकाका प्रमुख अधिकृत बलिरामलाई १५ हजार जरिवाना गरेको छ । अधिकृत यादवले सूचना उपलब्ध नगराउनुको अर्थ उहाँले नगरपालिकामा भ्रष्टाचार तथा अनियमितता गरेको पुष्टि हुन्छ ।

आयोगका एक पदाधिकारीले भन्नुभयो, ‘ नगरपालिकासँग हामीले पटक पटक सूचना माग्यौं तर दिन मानेन, यसको मतलब त्यहाँ केही नकेही गडबड छ, गडबडी नभएको भए मागिएको सूचना दिन्थ्यो तर दिएन यसको मतलब त्यहाँ अनियमितता भएको छ ।’

आयोगका सूचना आयुक्त रत्नप्रसाद मैनालीले जारी गरेको विज्ञप्ति अनुसार नगरपालिकाका प्रशासकीय अधिकृत यादवसँग सिरहा जिल्लाको नगरपालिका-७ निवासी साहले सूचना माग गर्नुभएको थियो । तर नागरपालिकाका प्रशासकीय अधिकृत यादवले सूचना उपलब्ध नगराएपछि साहले गत जेठ २३ गते विषयमा आयोगमा पुनरावेदन गर्नुभएको थियो ।

त्यसपछि आयोगले सोही दिन सूचनाको हकसम्बन्धी ऐन २०६४ को दफा १० को उपदफा (२) बमोजिम सात दिनभित्र सो पुनरावेदनको सम्बन्धमा लिखित ब्योहरा पठाउन सिरहा नगरपालिकाको कार्यालयलाई आदेश दिएको थियो । तर नागरपालिकाले आयोगलाई कुनै जानकारी पठाएन । त्यसपछि आयोगले पुनः सूचनाका हक सम्बन्धी ऐन २०६४ को दफा १० को उपदफा (३) को खवण्ड (क) अनुसार सात दिनभित्र सूचना उपलब्ध गराउन असार ३० गते आदेश सिरहा नगरपालिकालाई दिएको थियो ।

आयोगले सूचना उपलब्ध गराउन पटक-पटक दिएको आदेशपछि पनि यादवले सूचना उपलब्ध नगराउँदा सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ३२ (१) बमोजिम कारबाहीको ब्यहोरा जानकारी पनि भदौं २ गते नागरपालिकालाई गराएको थियो । त्यस्तो चेतावनीपछि पनि सिरहा नागरपालिकाले सूचना उपलब्ध नगराएपछि परशुराम साहले माघ ३ गते पुनः आयोग समक्ष उजुरी दिनुभएको थियो ।

नेपालको संविधान, २०७२ को धारा २७ मा प्रत्येक नागरिकले आफ्नो सरोकारको सूचना माग्ने र पाउने हकको व्यवस्था गरेको छ । यसपश्चात् आयोगबाट प्राकृतिक न्यायको सिद्धान्त बमोजिम यादव पूर्णतः गैर जिम्मेवार देखिएको औंल्याएको हो ।

सूचना मागकर्ता परशुराम साहलाई आयोगसमक्ष पुनरावेदन गर्न आउनु पर्नेसम्मको अवस्था सिर्जना गराउन आवश्यक नदेखिएको उल्लेख गर्दै आयोगले आयोगमा सूचना मागकर्ता परशुराम साहको पुनारावेदन प्राप्त भएपश्चात आयोगबाट नगरपालिका कार्यालयका प्रमुख बलिराम यादवको नाममा पटक पटक लिखित जवाफ माग गर्दा तथा सूचना उपलब्ध गराउन आदेश हुँदा पनि सूचना उपलब्ध गराउने प्रयास नभएको विज्ञप्तिमा उल्लेख गरेको छ ।

नगरपालिका कार्यालय प्रमुख बलिराम यादवबाट सूचनाका हकसम्बन्धी कानुनको पालना हुन नसकेको आयोगले प्रष्ट पारेको छ । आयोगले भनेको छ, ‘यसबाट सावर्जनिक निकायको प्रमुख जस्तो सार्वजनिक पद ग्रहण गर्ने पदाधिकारीबाट कुनै मनासिव कारणविना नै संवैधानिक तथा कानुनी रुपमा नागरिकलाई प्रत्याभूत अधिकारको गम्भीर बेवास्ता गरेको, कानुन पालना गर्न, गराउन तत्पर नदेखिएको, सूचना उपलब्ध गराउनुपर्ने संवैधानिक र कानुनी दायित्वबाट विमुख भइ कानुनी व्यवस्थाको पालना हुन नसकेको स्पष्ट छ ।’

# सभामुख किन जान चाहनुभएन लैनचौर ?

माघ ५ गतै निर्वाचित प्रतिनिधि सभाको सभामुखमा निर्वाचित हुनुभएका देवराज घिमिरे अझै सरकारी निवास पाउनु भएको छैन । सरकारी निवास नपाएको पनि होइन तर उहाँ त्यहाँ सर्न मान्नु भएको छैन । लैनचौरस्थित भारतीय दूतावास जानेबाटोको राइट साइटमा रहेको सरकारी भवन सभामुखका लागि राखिएको भवन हो तर त्यहाँ सभामुख घिमिरे सर्न मान्नुभएको छैन ।

भारतीय दूतावासको मेन गेटमै पर्ने त्यो सरकारी निवासमा सभामुख घिमिरे बस्न मान्नु भएको छैन । स्रोतले भन्यो, ‘भारतीय दूतावासको बाटो भएको कारण त्यहाँ भिआइपीहरुको ओहर दोहोर भइरहेका हुन्छन् । त्यही बाटोमा ब्रिटिश काउन्सिलको पनि कार्यालय रहेको छ । त्यही बाटोको मुखमै एम्बेस्डर होटल रहेको छ । त्यो होटलमा चाइनिज राजदूतको आउजाउ भइरहेका हुन्छन् । चीनबाट आउने अधिकाँश भिआइपी त्यही होटलमा बस्ने गरेका छन् । यसअघिका चाइनीज राजदूत यान्छी त्यही होटेलमा लामो समय बस्नु भएको थियो । त्यही भएर सुरक्षाको हिसाबले त्यो भवनमा सभामुख घिमिरे बस्न नमानेको स्रोतले दावी गरेको छ । विदेशी एजेन्सीहरु त्यहाँ बसेपछि चलखेल गर्न सकिने शंका सभामुखको रहेको छ । तर एमालेका एक नेताले भन्नुभयो, ‘त्यो भवन महानगरपालिका मातहतको भवन हो, त्यो भवन महानगरपालिकाका मेयरको निवास हो त्यही भएर सभामुखज्यु त्यहाँ बस्न मान्नुभएको छैन ।’ यद्यपी महानगरपालिकाका मेयर बालन साह हालसम्म त्यहाँ बस्नु भएको छैन । यसअघि उपराष्ट्रपति नन्दबहादुर पुन त्यही भवनमा बस्नुभएको थियो ।

उपराष्ट्रपति पुन त्यही नजिक रहेको ग्रीन हाउसमा सरेपछि त्यहाँ तत्कालिन सभामुख अग्नी सापकोटा बस्नु भएको थियो । उहाँ दुईजनालाई त्यहाँ बस्न कुनै आपत्ति थिएन तर वर्तमान सभामुख घिमिरेलाई केले गाह्रो बनाएको बुझ्न नसकिएको संसद सचिवालयका एक पदाधिकारीले बताउनुयभो । सभामुख घिमिरे त्यहाँ बस्न नमानेपछि नयाँ भवन खोज्न संसद सचिवालयलाई सरकारी निवास व्यवस्थापन गर्न गाह्रो भएको छ ।

सचिवालयले सभामुख, उपसभामुखको निवास व्यवस्थापनका लागि सहरी विकास मन्त्रालयलाई भने ताकेता गरिरहेको छ । संसद् सचिवालयले पदाधिकारी निर्वाचनअगावै निवास व्यवस्थापनका लागि आग्रह गरिसकेको हो। त्यसका लागि पुनः ताकेता गरेको छ तर मन्त्रालयले व्यवस्थापन गरिसकेको छैन । बालुवाटारमा रहेको सभामुख निवास भने राष्ट्रिय सभा अध्यक्ष गणेशप्रसाद तिमिल्सिनाले प्रयोग गरिरहनुभएको छ । अध्यक्षको भवनमा भने यसअघि मन्त्रिपरिषद् कार्यालय पुनर्निर्माणका क्रममा प्रधानमन्त्रीको सरकारी निवास बनाइएको थियो ।

घिमिरेले लैनचौर जाने इच्छा नदेखाएपछि बालुवाटारमै रहेको मुख्य सचिवका लागि बनाइएको निवासमा राख्ने तयारी गरेको थियो तर उक्त भवनमा समेत मन्त्रिपरिषद्को बैठक कक्ष बनाइएको र सार्ने काम नभएकाले अहिले निवासको खोजी भइरहेको छ । उपसभामुखलाई यसअघि मन्त्री क्वार्टर रहेको पुल्चोकमै निवास व्यवस्थापन गरिएको थियो । सभामुखले लौनचौरको निवासमा बस्न इच्छा नदेखाएपछि उक्त भवनमा उपसभामुखलाई राख्ने तयारी भएको छ ।

राष्ट्रिय सूचना आयोगले सिरहा नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत बलिराम यादवलाई माग भएको सूचना उपलब्ध नगराउँदा १५ हजार रुपियाँ जरिवाना तोकिएको छ ।

## राष्ट्रपतिका...

हुनुपर्छ, एमालेले उम्मेदवार उठाउँछ हाम्रो सहमति त्यही हो । त्यसमा राष्ट्रिय सहमति हुनुपर्छ ।’

त्यसअघि पुस ३० विभिन्न सञ्चारमाध्यमका सम्पादकहरुसँग भेटघाटको क्रममा प्रधानमन्त्री प्रचण्डले भन्नुभएको थियो, ‘राष्ट्रपति र उपराष्ट्रपतिको बारेमा कसैसँग कुनै सहमति भएको छैन ।’ यी दुई तीनवटा घटना तथा अभिव्यक्ति सुन्दा प्रष्ट हुन्छ कि राष्ट्रपतिको चयन त्यति सरल तरिकाले हुनेछैन । त्यसमा राजनीतिक दलहरुको व्यापक चलखेल हुन्छ त्यसमा मधेश केन्द्रीत दलको महत्वपूर्ण भूमिका हुन्छ । तर त्यसका लागि यी चारवटै मधेश केन्द्रीत दलहरु संगठित हुनुपर्छ । यी चारवटै दलको बीचमा गठबन्धन हुनुपर्छ । एउटै भ्वाइस हुनुपर्छ । यसको सम्भावना कति छ, लोसपाका अध्यक्ष महन्थ ठाकुरले राजनीतिमा सबै कुराको सम्भावना हुन्छ, मधेशी केन्द्रीत दलको पनि गठबन्धन बन्न सक्छ यसका लागि अनौपचारिक रुपमा कुराकानीहरु भइरहेको प्रतिकृया दिनुभयो ।

त्यस्तै, जसपाका अध्यक्ष उपेन्द्र यादवले मधेशमा गठबन्धनको आवश्यकतामा जोड दिनुभएको छ । उहाँले पनि दलहरुको बीचमा मोर्चाबन्दीको आवश्यकता छ र त्यसको सम्भावना पनि रहेको बताउनुभयो । जनमत पार्टीका अध्यक्ष सिके राउतले पनि तराई मधेशमा मोर्चाबन्दीको आवश्यकता रहेको बताउँदै मधेशमा रहेको दलहरुको बीचमा गठबन्धनको लागि पहल हुनुपर्ने बताउनुभयो । जनमत पार्टी र नागरिक उन्मुक्ति पार्टीबीच गठबन्धन बनिसकेको छ ।

यता, पुस २६ गते प्रधानमन्त्री प्रचण्डले विश्वासको मत लिइसकेपछि काँग्रेसको पनि चुरीफुरी बढेको छ । विश्वासको मत दिएको बदलामा राष्ट्रपति पाउने र त्यस विषयमा माओवादी केन्द्रसँग पनि सहमति भइसकेको छ भनि छनक दिने गरि काँग्रेसले त्यसको तयारी थालेको छ ।

काँग्रेसका नेता एवं प्रवक्ता डा.प्रकाशशरण महतले संविधानको रक्षाका लागि राष्ट्रपतिका लागि उपयुक्त व्यक्ति को होला त्यस विषयमा छलफल भइरहेको बताउनुभयो । प्रधानमन्त्री प्रचण्ड पनि संविधानको रक्षाका लागि गम्भीर छन्, काँग्रेस पनि त्यसप्रति गम्भीर छ, त्यसमा दुवै दलको कुरा मिलेको छ । त्यही बिन्दुमा दुवै दलको सहमति हुने हो कि भन्ने अपेक्षा काँग्रेसको रहेको प्रवक्ता महतले बताउनुभयो । काँग्रेसले यस्तै छनक दिँदा एमालेका अध्यक्ष ओलीले पुस २६ गते संसद भवनमा आफ्नो मन्तव्य राख्ने क्रममा भनेका थिए, ‘यदि यो समर्थनभित्र सदासयताबाहेक अरु कुरा छैन भने यदि यो समर्थन कुनै जाल होइन भने यो समर्थन कुनै ढोक्सा होइन भने स्वागतयोग्य छ । ढोक्सा हो भने म भन्न चाहन्छु, जाल हो भने म भन्न चाहन्छु माछा नभएको खोलामा फ्याके जस्तै हुनेछ जाल । कोही यसभित्र भोलीका निम्ती अरुखालका कुरा सोचिएको छ भने ढोक्सा रित्तै हुनेछ किनभने त्यस पानीबाट त्यस खोल्सीबाट ढोक्सा थापेतिर कुनै माछा बग्ने बाला छैन ।’ राष्ट्रपति पदका लागि प्रमुख ती ठूला दलबीच भएको यो ताना तान हो । प्रधानमन्त्री प्रचण्डले काँग्रेससँग पनि विश्वासको मत लिएपछि एमालेका लागि आशंका उब्जाई दिएको छ । प्रधानमन्त्री प्रचण्डले राष्ट्रपति, उपराष्ट्रपतिका लागि कसैसँग सहमति भएको छैन भन्नु र एमालेले राष्ट्रपति र उपराष्ट्रपतिमा सहमति भइसकेको छ भन्नुले एक अर्कामाथि अविश्वास जन्माई रहेको छ । त्यस बीचमा काँग्रेसले खेलिरहेको छ । र त्यसको फाइदा मधेशी केन्द्रीत दलले लिनुपर्छ ।

## यो सरकार...

त्यसैले, ‘एक चीन नीति’ को नारा सधैं दोहोर्याउनुपर्छ, एक चोटि आश्वासन दिएर पुग्दैन ।

नेपालले एमसीसी परियोजना अघि बढाउन खोजेको विषयमा चीनले गरेको हर्कत कसैबाट लुकेको छैन । नेपाल मामिलामा चीन आक्रामक रूपमै प्रकट हुन थालेको बिषयलाई चानचुने रूपमा लिइनु हुँदैन ।

**नेपालबाट भारतलाई धम्की**

केहीअघि भारत र चीनबीच सीमावार्ती गलवान घाटी क्षेत्रमा विवाद हुँदा पनि चीनले पाकिस्तान र नेपालसित मिलेर भारतलाई पाठ पढाइदिने धम्की दिएको थियो । चीनले नेपाललाई आफ्नो उपनिवेश अथवा नयाँ तिब्बत जस्तै रहेको मनोविज्ञान ठान्दो रहेछ । आफ्नो हस्तक्षेपलाई नेपालको चाहनाको रुपमा परिभाषित गर्ने चीनको यस कार्यमा नेपालका वामपन्थीदलहरु सहयोगी तथा भरियाको काम गरिरहेका छन् । भन्नैपर्ने हुन्छ, नेपाली नेताहरूले सहज ‘स्पेस’ दिएका कारण नेपालमा चीनको ‘अति सक्रियता’ बढेको हो। एमाले र माओवादीको एकीकरण र विवाद साम्य पार्न चीनको भूमिका देखिने गरी सतहमा आयो। नेपालमा चिनियाँ हस्तक्षेपको अवस्थालाई हेर्दा माओत्सेतुङ्गको त्यो घोषणा अझै स्मरणमा आउछ, जसमा उनले भनेको थिए ‘तिब्बत त चीनको हातको हत्केला हो जबकी नेपाल, सिक्किम, भुटान, अरुणाचल प्रदेश तथा लद्दाख त्यस हत्केलाका औला हुन । औला बिना हत्केलाको कुनै अर्थ हुँदैन ।’ अवश्यनै यो विस्तारवादी एवं औपनिवेशिक मानसिकताको उपज थियो । आखिर चीन आफ्नो महान नेताको महावाणीलाई कसरी बिर्सन सक्दछ ? भुटान, सिक्किम, लद्दाख र अरुणाञ्चल प्रदेशको सीमाक्षेत्रमा कुनै न कुनै बहाना झिकेर उ तनाव सिर्जना गर्दै आएको छ । नेपालका प्रायः सबै जसो वामपन्थी दलका नेता प्रत्यक्ष र भर्चुअल माध्यमबाट पनि चिनियाँ नेताहरुसँग राजनीतिक शिक्षा एवं प्रशिक्षण लिने गरेका कारण गुरु दक्षिणा दिनु अस्वभाविक हुने छैन । माओवादीका एक नेताले नेपालमा कम्युनिस्ट सरकार ल्याउन चीनसित ५० करोड रुपैयाँको माग गरेको टेप रेकर्ड नै सार्वजनिक भएको थियो । तर यसलाई सामान्यीकरण गरियो ।

छिमेकी राष्ट्र चीनबाट हामीले सहयोग, समर्थन एवं सद्भावको अपेक्षा अवश्य पनि गरेको छौं । तर, हस्तक्षेपको होइन । हामीलाई तिम्रो हस्तक्षेप आवश्यक छैन भनेर बोल्ने आँट किन भइरहेको छैन ? यसमा काठमाडौंको मौनताले नेपाल कतै चिनियाँ मोडलमा वा चीननिर्देशित बाटोमा हिँड्न तयार भएको त होइन भनेर पनि प्रश्न उठाएको छ । नेकपा एमाले र माओवादी केन्द्रका नेता-कार्यकर्ताहरूलाई चीन घुमाउनुका साथै राजनीतिक प्रशिक्षणसमेत दिँदै आएको चीन यी दुई दल मिलाएर नेकपा गठनको मेन्टर, मोडरेटर र मिडिएटर बनेको थियो । नेकपा फुट्नबाट बचाउन गरेको भरमग्दुर प्रयास असफल भएर दुवै दल पूर्ववत् अवस्थामा पुगेपछि पनि कम्युनिस्ट एकताका नाममा ती दलको पुनर्मिलनको प्रयासमा ऊ निरन्तर छ । चिनियाँ विदेशमन्त्री नेपाल भ्रमणका बेला ओली र प्रचण्डलाई मात्र भेट्नु र सबैसँग कम्युनिस्ट एकताबारे चासो राख्नुले पनि अब चीन नेपालको आन्तरिक राजनीतिमा खेलिरहेको स्पस्ट देखिन्छ । अहिले कम्युनिस्ट गठबन्धनको सरकार बन्ने कुराले सार्थकता पाउनुमा पनि उनको भूमिकाले सम्भव भएको चर्चा छ । चीनको सत्तारूढ चिनियाँ कम्युनिष्ट पार्टी (सीपीसी)को सिद्धान्त आयात गरेका नेपाली कम्युनिस्ट राजनीतिक दलहरूले निर्माण गरेको तिलस्मी भाष्यले धेरैलाई भुलभुलैयामा पारिदियो। अमेरिका साम्राज्यवादी र भारत विस्तारवादी भनेर यहाँसुरुदेखि नै पढाइयो । चीन शक्तिशाली नहुँदा सोभियत संघको लगानीमा त्यतिखेर त्यस्तो गरिएको थियो । त्यसैले भारतको छवि खराब छिमेकी बने पनि नेपाली समाजमा चीन प्रतिको अनुराग असामान्य बन्न पुग्यो। चीनलाई आवश्यकताभन्दा बढी ‘देवत्वकरण’ गरिदियो, नागरिक तहसम्मै । तटस्थ हुनुपर्नेमा ठूलो जनमत त ‘प्रो-चिनियाँ’ नै बन्न पुगेको छ। परिणाम स्वरूप, चीन प्रतिको आलोचनात्मक दृष्टिकोण सीधै पश्चिमद्वारा पोषित तथा स्वतन्त्र तिब्बतको पक्षधर घुसपैठियाका रूपमा कलङ्कित गरिने गर्छ। बास्तबमा उत्तरतिरको सम्बन्धमा हाम्रो स्वाभिमान र आत्मसम्मान घुँडा टेक्ने तहमा पुगेको छ ।

**एमसीसीप्रति कुदृष्टि**

चिनियाँ अन्तर्राष्ट्रिय सम्बन्धको निर्माण आफ्ना स्वार्थ नमिल्ने विश्वलाई घृणा गर्ने राष्ट्रवादमा आधारित छ। र नेपाली राष्ट्रवादको चासो चिनियाँ स्वार्थको रक्षासँग जोडिने गरेको छ, सधैं। नेपालको राष्ट्रियता अमेरिका र भारत विरोधी मानसिकतामा आधारित रहेकाले यस्तो भएको हो। उदाहरणका लागि, चीनले भित्रभित्रै नेपालमा अमेरिकी सहायताको अनुदान परियोजना मिलेनियम च्यालेन्ज कर्पोरेसन (एमसीसी) कार्यान्वयन नहोओस् भन्ने थियो नै । चीनको यही ‘ इच्छा’ पूरा गर्न, कतिपय नेताले सार्वजनिक रूपमै एमसीसी चीन बिरुद्ध लक्षित भएकाले यसलाई स्वीकार नगर्ने बताउने गरेका थिए। एमसीसीको विरोध गर्नेमध्येका धेरैको बुझाइ यो परियोजना चीनलाई घेर्ने अमेरिकी रणनीति अन्तर्गत छ । अर्थात्, देशको स्वार्थको जगेर्ना हुन्छ कि हुँदैन भनेर हेर्नुको सट्टा नेपालमा चीनको स्वार्थ रक्षा हुन्छ/हुँदैन हेर्ने जनमत तयार भएको रहेछ ।

नेपालमा राष्ट्रियता र राष्ट्रिय स्वाधीनताको कुरा जसरी उठ्ने गरेको छ त्यो सिर्फ भारतको विरुद्धमा मात्र उठ्ने गरेको छ। खुला सिमानाको कारण भौगोलिक सहजता र मधेसी नागरिकसँग भारतको बेटीरोटीलगायतको परम्परागत, व्यावहारिक र सांस्कृतिक सम्बन्ध जसरी स्थापित छ त्यसरी नै सम्बन्ध अरू शक्ति राष्ट्रहरूले पाएको भए नेपाल उहिल्यै बिलिन भइसकेको हुने थियो। कुनै बखत चीनको सिमानामा रहेको भारतीय फौजको १८ वटा टुकडी भारतले सहजै हटाइ दियो । भारतले यति धेरै अवसर पाएर पनि आफ्नो परम्परागत, सांस्कृतिक र व्यावहारिक सम्बन्धलाई जीवित राख्दै आएको छ ।

***(लेखक सन्तोष मेहता लोसपाका नेता हुनुहुन्छ)***



# सनी लियोन नेपालमा

बलिउड अभिनेत्री सन्नी लियोनी नेपाल आएकी छिन् । उनले माघ १५ गते बिहान एक भिडियो पोस्ट गर्दै नेपालमा रहेको जानकारी दिएकी हुन् । हेलो नेपाल भनेर आइतबार बिहान उनले सामाजिक सञ्जालमा भिडियो पोष्ट गर्दै नेपाली फ्यानलाई अभिवादन समेत गरेकी छन् ।

माघ १४ गते बिहान काठमाडौं आएकी उनी साँझ एक कार्यक्रममा पनि सहभागी भएको बताइन्छ । कार्यक्रममा उनले 'आई लभ नेपाल' भन्दै नेपाली प्रशंसकलाई सम्बोधन समेत गरेकी थिइन् । सन्नी यस अगाडि नेपाली फिल्म 'पासवर्ड' रिलिजको समय आएकी थिइन् । फिल्म आइटम गीतमा उनको नृत्य समेत रहेको थियो ।

# नाजिरको 'गुलाबी'




नाजिर हुसेनको मुख्य अभिनय रहेको चलचित्र 'गुलाबी' को पहिलो पोस्टर सार्वजनिक भएको छ । महिला निर्देशक समुन्द्र भट्टको निर्देशनमा तयार सिनेमामा अभिनेता नाजिर हुसेन ट्रान्सवुमनको भूमिकामा देखिएका छन् । सार्वजनिक पोष्टरमा नाजिरलाई गाजल टिकी र नथिया लुकमा गम्भीर भएको देख्न सकिन्छ ।


नेपालमा पहिलोपटक पूर्णरूपमा ट्रान्स स्टोरीमा निर्मित यस सिनेमाका लागि नाजिरले १६ केजी तौलसमेत घटाएका छन । निकट भविष्यमै रिलिज हुने सिनेमामा नाजिर गुलाबी पात्रको मुख्य भूमिकामा देखिनेछन् भने अभिनेत्री सञ्चिता लुइँटेलका साथमा शुशिल सिटौला, राजकुमार घोष, शिशिर राणा, अनुपम श्रेष्ठ, विशाल पहारीलगायतका कलाकार पनि छन् । द स्काइ ओसन इन्टरटेन्मेन्टको ब्यानरमा निर्मित गुलाबीलाई आलोक शुक्लाले छायांकन गरेका हुन् । संगीत भने लेखु सहयात्री र सान भुषालले भरेका छन् ।

# पठानले गरे रेकर्ड ब्रेक

शाहरूख खान अभिनित पठानले कीर्तिमानी कमाइ गरेको छ । २५ जनवरीमा रिलिज भएको फिल्मले पहिलो दिन ५३ करोड भारतीय रुपियाँ कमाइ गरेको भारतका विभिन्न सञ्चारमाध्यमले जनाएका छ । 'ननविकेन्ड' मा यो कमाइ कीर्तिमानी रहेको विश्लेषक कोमल नहाटाले दावी गरेका छन् । भारतबाहेक पठानले ४ करोड कमाइ गरेको तथ्यांक सार्वजनिक भएको छ । फिल्ममा शाहरूख खानसँगै दीपिका पादुकोन र जोहन अब्राहमको अभिनय रहेको छ । पठानको 'बेसरम' गीत सार्वजनिक भएपछि विवादित बनेको थियो । हिन्दु संगठनले भारतको इन्दोर, ग्वालियर, बैंग्लोरलगायत क्षेत्रमा फिल्म प्रदर्शनमा रोक लगाएको छ ।

त्यसका बावजुद पनि फिल्मले 'विकेन्ड' मा ऐतिहासिक कमाइ गर्ने विश्लेषकहरूको भनाइ छ । यसअघि विकेन्डमा वारले ५३.३५ करोड र थग्स अफ हिन्दुस्तानले ५२ करोड कमाइ गरेको थियो ।








प्रोफाइल



# स्वभिमानका लागि रञ्जुले गर्नुभएको संघर्षका कथाहरु

लामो समय एमालेमा काम गर्नुभएका रञ्जु ठाकुर २०७९ को स्थानीय चुनावअघि जनता समाजवादी पार्टीमा प्रवेश गर्नुभयो । २०४७/०४८ देखि एमाले पार्टीमा लाग्नु भएका रञ्जु ठाकुर एक्कासी सो पार्टी छाड्नुको कारण छ । विद्यार्थी राजनीतिबाट एमालेको यात्रा सुरु गर्नुभएका रञ्जु अखिल महिला संघमा आवद्ध हुनुभयो ।

एमाले निकट सो संघको केन्द्रीय सचिवसम्म हुनुभएका रञ्जु ठाकुरलाई कहिले मुल कमिटीम आउन दिएन । उहाँभन्दा पछि पार्टीमा आएका नेताहरु विभिन्न ठूला ठूला पदमा पुगि सके सके तर रञ्जुलाई महिला संघमा नै अल्झाएर पार्टीले राखेको थियो । तीन पटक महाधिवेशन भयो । तीनटै महाधिवेशनमा उहाँलाई निर्वाचन समितिमा राखेर महाधिवेशनमा सामेल गराईयो ।

निर्वाचन समितिमा नबस्ने, महाधिवेशनमा भाग लिएर केन्द्रीय कमिटीमा जाने भन्नुहुन्थ्यो रञ्जुले । तर सो पार्टीका अध्यक्ष केपी शर्मा ओलीले महाधिवेशन सम्पन्न हुन दिनुस् तपाईलाई मनोनय गरेर केन्द्रीय समितिमा ल्याउनेछौं भनि आश्वासन दिनुहुन्थ्यो तर त्यो आश्वासन कहिले पुरा भएन । त्यसपछि उहाँ सो पार्टी छाडेर जसपामा प्रवेश गर्नुभयो । अहिले उहाँ सो पार्टीको केन्द्रीय सदस्यका साथै राजनीति समिति सदस्य र प्रतिनिधि सभा सदस्य पनि हुनुहुन्छ ।

**राजनीतिक यात्रा**

राजविराजको महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पसमा आइए अध्ययन गरिहँदा रञ्जुले स्ववियुको निर्वाचनमा एमाले निकट अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियनलाई मतदान गर्नुभयो । त्यतिबेला उहाँ कुनै पार्टीमा आवद्ध हुनुहुन्थेन । त्यतिकै उहाँलाई अखिल मन पर्‍यो र मतदान गर्नुभयो ।

उहाँ ससुरालबाट क्याम्पसको अध्ययन सुरु गर्नुभएको थियो । रञ्जुको सोच, विचार र क्रियाशिलताका कारण अखिलका नेताहरुलाई उहाँलाई आफ्नो संगठनमा ल्याउन चाहेका थिए । २०४८ मा स्ववियुको चुनाव हुँदा एमालेका तत्कालिन नेता जयकृष्ण गोइत र दिवाकर देवकोटा रञ्जु ठाकुरको घरसम्म पुग्नु भएको थियो । रञ्जुलाई अखिलको तर्फबाट स्ववियुको चुनाव लड्न प्रस्ताव उहाँहरुले गर्नुभएका थियो ।

उहाँहरुले रञ्जुका श्रीमान मिहिर ठाकुरसँग पनि कुरा गर्नुभएको थियो । उहाँले मिहिर ठाकुरलाई कन्भिन्स गरेपछि मात्र रञ्जु ठाकुर अनेरास्ववियुमा आवद्ध हुनुभयो । महेन्द्र विन्देश्वरी क्याम्पसमा भएको स्ववियुको चुनावमा उहाँले अखिलको तर्फबाट सदस्यमा उम्मेदवारी दिनुभयो र अत्याधिक मत ल्याएर विजय पनि हुनुभयो ।

त्यसपछि उहाँ अखिलमा लाग्नुभयो अर्थात एमाले हुनुभयो । उहाँ करिब तीन वर्षसम्म अनेरास्ववियुमै काम गर्नुभयो । त्यसपछि २०५१ मा उहाँलाई सिधै एमालेको अखिल नेपाल महिला संघ सप्तरीमा सचिवको जिम्मेवारी दियो । त्यही बेला उहाँले पार्टीको सांगठनिक सदस्यता पनि लिनुभयो । उहाँ एकसाथ घरपरिवार, पढाई र राजनीतिकलाई सम्हाल्नुभयो । अनेम संघमा सक्रिय भएर काम गर्न थाल्नुभयो । सप्तरीमा उहाँ एमालेभित्र सक्रिय नेतृको रुपमा परिचित हुनुभयो ।

**चुनावको टिकट**

केन्द्रसम्म रञ्जुको चर्चा सुरु भयो । २०५४ को स्थानीय चुनावमा केपी ओली स्थानीय चुनावमा टिकट वितरणका लागि केपी ओली सप्तरी पुग्नुभएको थियो । उहाँले रञ्जुलाई चुनाव लड्नका लागि भन्नु भएको थियो । त्यसपछि रञ्जुले चुनाव लड्दै हुनुहुन्छ भनि जिल्लाभर हल्ला फैलियो । रञ्जुलाई बधाई पनि आउन थाल्यो । तर रातभरमा के भयो थाह छैन, विहान बुझ्दा त अर्कैले टिकट पाउनु भएको छ, रञ्जुले भन्नुभयो, 'पार्टीकै साथीहरुले षड्यन्त्र गरेर मलाई टिकटबाट बन्चित गरेका थिए त्यसले मलाई निकै दुखि बनायो ।'

रञ्जुले पार्टीसँग टिकट माग्न जानुभएको थिएन । केपी ओली आफै आएर त्यसको चर्चा गर्नुभएको थियो । पार्टीले नै यस विषयमा हल्ला गर्‍यो तर पछि टिकट नदिएपछि रञ्जु निकै दुखि हुनुभयो र उहाँ आफ्नो श्रीमानसँग काठमाडौं आउनुभयो ।

राजविराज ल क्याम्पसमा पढाई रहनुभएको रञ्जुका श्रीमान मिहिरले काठमाडौं सरुवा गराउन पहल गर्दै आउनुभएको थियो । तर क्याम्पस प्रशासनले उहाँको सरुवा गरिरहेको थिएन । त्यसका लागि उहाँले निकै प्रयास गर्नुभयो । तैपनि भएन अनि उहाँले केन्द्रमा संघर्ष गर्नैका लागि बालबच्चासहित काठमाडौंमा आउनुभयो । उहाँसँगै रञ्जु पनि आउनुभयो । सरुवा नगरेको विरुद्धमा मिहिर ठाकुरले भद्रकालीमा २४ घण्टे आमरण अनसन बस्नुभयो । सोही अनसनका कारण राजविराजबाट काठमाडौं उहाँको सरुवा भयो ।

यता, रञ्जु ठाकुर काठमाडौं आएपछि पार्टीको सम्पर्कमा जानुभएन । तर पार्टीले उहाँलाई खोजिरहेको थियो । अनेम संघका नेतृहरु रञ्जुको कोठासम्म पुग्नुभएको थियो । रञ्जु ठाकुर विजुली बजारमा एउटा कोठा भाडामा लिएर बस्नुभएको थियो । त्यहाँ पुगेका नेतृहरुले पार्टीमा सक्रिय हुन आग्रह गर्नुभयो । यहाँसम्म कि अनेम संघका तत्कालिन अध्यक्ष विद्यादेवी भण्डारीले पनि रञ्जुसँग भेटेर पार्टीमा काम गर्न आग्रह गर्नुभएको थियो । मधेशबाट पार्टीमा तपाई जस्ता नेतृ चाहिन्छ, मधेशको बारेमा तपाईले नबोले कसले बोल्ने भन्दै रञ्जुलाई कन्भिन्स गरेर पुनः अनेम संघमा सक्रिय गराउनु भएको थियो ।

अनेम संघमा रञ्जु आवद्ध हुनुभयो । अनेम संघको केन्द्रीय सदस्य बन्नुभयो । चार वर्षसम्म केन्द्रीय सदस्य भएर काम गर्नुभएको रञ्जुलाई केन्द्रीय सचिवको पनि जिम्मेवारी दिनुभएको थियो । पार्टीमा सक्रिय भएर लाग्नु भयो । संगठन बनाउनुदेखि लिएर महिलाको विषयमा बोल्न र लेख्न थाल्नुभयो । महिलामा उहाँ पार्टीका चर्चित नेतृको रुपमा परिचत हुनुभयो । उहाँको कामको निकै प्रसंशा हुन्थ्यो । शीर्ष नेताहरुले पनि रञ्जुको क्रियाशिलताको प्रशंसा गर्थे ।

**संविधान सभा चुनाव**

जनआन्दोलन र मधेश आन्दोलनपछि २०६४ मा भएको संविधान सभाको चुनावमा एमालेले रञ्जु ठाकुरलाई सप्तरी क्षेत्र नम्बर २ बाट चुनावमा उठाउनु भएको थियो । उहाँ त्यतिबेला चुनाव लड्नुभयो, जतिबेला मधेशमा एमालेको नाम पनि सुन्न चाहेको थिएन । मधेशवादी दलको बोलबाला थियो । मधेशी जनताको एमाले पार्टीप्रति अलि बढी नै आक्रोश थियो ।

तैपनि रञ्जुले हिम्मत गरेर चुनाव लड्नु भएको थियो । चुनाव हार्नुभयो । रञ्जुको राजनीति काठमाडौं केन्द्रीत भएको थियो । १० वर्षअघि सप्तरीमा जुन सक्रियता र पहिचान थियो त्यसमा निकै नै ग्याप भएको थियो । अर्कोतिर सशस्त्र समूहको बिगबिगी थियो । एमाले पार्टीको नामबाट कोही क्षेत्रमा घुम्न पनि मानिरहेको थिएन । तैपनि रञ्जुले हिम्मत गरेर चुनावमा भाग लिनुभयो । त्यो चुनावमा केपी ओली, माधवकुमार नेपाल, विद्यादेवी भण्डारीलगायतका नेताहरु पनि हार्नुभएको थियो ।

रञ्जु भन्नुहुन्छ, 'नेपालको राजनीति के हो त्यो मैले २०६४ मा चुनाव लडेपछि मात्र थाह पाए, चुनाव नलडेसम्म राजनीति बुझिदैन भनि मैले त्यही बुझे ।' रञ्जु काठमाडौं फर्केपछि पार्टीमा त्यति सक्रिय हुनुभएन । चुनाव लड्दा जिल्लामा पार्टीकै नेताहरुबाट नै असहयोग भएको थियो । पार्टीका कतिपय नेताहरु चुनाव हराउनका लागि लागिपरेको कुराले रञ्जुलाई पार्टीप्रतिको मोह भङ्ग भएको थियो ।

**विदेह फाउण्डेशन गठन**

बरु समाजका लागि आफै केही गरौं भनि उहाँले विदेह फाउण्डेशन गठन गर्नुभयो । आर्थिक रुपमा पनि सबल हुनुपर्छ भनि उहाँलाई लागेको थियो । चुनावमा अलिकति पैसा खर्च गरेको भए चुनाव जितिन्थ्यो तर उहाँसँग त्यतिबेला पैसा थिएन । आर्थिक अवस्था निकै कमजोर थियो । त्यो कुराको महसुस चुनावमा पनि भयो । र, आर्थिक रुपमा सवल हुनुपर्छ अनि मात्र अरु कुनै कुरामा हात हाल्नुपर्छ भनि उहाँले विदेह फाउण्डेशन गठन गरेर अध्ययन अनुसन्धानको काम गराउनुको साथै विभिन्न तालिमलगायतका काममा सक्रिय हुनुभयो ।

उहाँ सोही विदेह फाउण्डेशनमार्फत तीनपटक भारतको विहार राज्यको भ्रमण गर्नुभयो । विहारका मुख्यमन्त्री नीतिश कुमारसँग भेट्नुभयो । मुख्यमन्त्रीको रुपमा नीतिकुमार कसरी काम गरिरहनु भएको छ । कसरी राज्य सञ्चालन भइरहेको छ, जनता दरवार कसरी सञ्चालन भइरहेको छ जस्ता कुराको अध्ययन गर्नुभयो । नेपालका विभिन्न ठाउँमा सो फाउण्डेशनमार्फत तालिमहरु सञ्चालन गर्नुभयो । फाउण्डेशनमा सक्रिय भएपछि पार्टीमा सक्रियता निकै कम भयो ।

उहाँ पार्टीमा निस्कृय भए तर कोही सोधखोज गरेनन् । विद्यादेवी भण्डारीले रञ्जुसँग भेटेर कुराकानी गर्नुभएको थियो । उहाँलाई पार्टीमा सक्रिय हुनु आग्रह गर्नुभएको थियो । पार्टीमा अगाडि बढाउन के के गर्नुपर्छ सल्लाह गरेर गरौंला भनेर रञ्जुलाई पुनः पार्टीमा सक्रिय गराइएको थियो । आठौं महाधिवेशन भयो रञ्जुलाई निर्वाचन गराउने जिम्मेवारी दियो । उहाँ सो कमिटीमा रहेर महाधिवेशन शानदार तरिकाले सम्पन्न गराउनुभयो । पार्टीले उहाँलाई खुबै तारिफ गरेको थियो ।

**संविधान सभा सदस्य**

२०७० मा दोस्रो संविधान सभा चुनाव भयो । त्यसमा उहाँ चुनाव लड्ने चाहना व्यक्त गर्नुभएको थियो । तर विद्यादेवी भण्डारीले उहाँलाई समानुपातिकबाट संविधान सभामा आउन सुझाव दिनु भएको थियो । चुनावमा जित्ने ग्यारेण्टी हुँदैन । संविधान सभामा मधेशबाट तपाईको आवश्यकता छ, समानुपातिकबाट नै आउनुस् विद्यादेवी भण्डारीले भनेपछि उहाँ त्यसको लागि तयार हुनुभएको थियो ।

समानुपातिकबाट संविधान सभामा आउनुभयो । उहाँलाई संविधान मस्यौदा समितिमा राखिएको थियो । त्यसका साथै महिला बालबालिका ज्येष्ठ नागरिक समाज कल्याण समितिको सभापतिको जिम्मेवारीमा पनि उहाँ हुनुहुन्थ्यो । शिक्षा, स्वास्थ्य, महिला, युवा क्षेत्रमा उहाँले काम गर्नुभयो ।

उहाँले सो समितिबाट १६ वटा कानुन बनाउनु भएको थियो । उहाँले भन्नुभयो, 'सो समितिबाट राजनीति जीवनमा धेरै ठूलो काम गरेको जस्तो महसुस भयो । कानुन पढेको कारणले मलाई सो समितिमा रहेर काम गर्न निकै सजिलो भएको थियो ।'

२०७० को पुसमा एमालेको नवौं महाधिवेशन भएको थियो । त्यसमा पनि रञ्जुलाई निर्वाचन समितिमा नै राख्यो । उहाँलाई पार्टीको केन्द्रीय समितिमा चुनाव लड्ने मन थियो । त्यसका लागि उहाँले पार्टीमा कुरा पनि राख्नुभयो । तर पार्टीका अध्यक्ष ओलीले पछि मनोनित गरेर ल्याउने आश्वासन दिनुभएको थियो तर त्यो आश्वासन पनि पुरा भएन । रञ्जुले यो कुरा पार्टीमा पटक पटक उठाउनु भएको थियो तर कहींबाट कुनै सुनुवाई भएन ।

**नाकाबन्दी हटाउनमा पहल**

२०७२ असोज ३ गते नेपालको संविधान जारी भएपछि त्यसमा आफ्नो अधिकार नसमेटिएको भन्दै त्यसको विरोधमा मधेशवादी दलले आन्दोलन सुरु गर्‍यो । त्यसैक्रममा भारतले असोज ६ गतेदेखि नेपालमा नाकाबन्दी लगाई दियो । तर भारतले त्यसलाई स्विकार गरेको छैन । मधेशवादी दलले आन्दोलन गरेको कारण नाकाहरु प्रभावित भएको प्रतिकृया दिएको थियो ।

त्यो नाकाबन्दी लामो समयसम्म चलेको थियो । नेपालको अर्थ व्यवस्था अस्तव्यस्त भएको थियो । सोही क्रममा मधेशका केही पत्रकार तथा बुद्धिजिवीले रञ्जु यादवलाई नाकाबन्दी खुलाउनका लागि पहल गर्न सुझाव दिएका थिए । समितिको सभापतिको नाताले भारतसँग पहल गर्न उहाँलाई भनिएको थियो । त्यसको लागि रञ्जुले पार्टीका अध्यक्ष एवं तत्कालिन प्रधानमन्त्री ओलीसँग सल्लाह गर्नुभयो । त्यसको जवाफमा ओलीले पार्टीका शीर्ष नेताहरु भारतसँग पटक पटक आग्रह गर्दा त भारतले सुनेन तपाईको कुरा कसरी सुन्छ, त्यहाँ गएर पहल गर्नु बेकार हो भन्नुभएको थियो ।

तर रञ्जुले एकपटक पहल गर्न दिनका लागि अनुमति माग्नुभयो । ओलीबाट अनुमति पाएपछि उहाँले आफ्नै खर्चमा केही सहयोगीलाई लिएर २०७२ मंसिरमा भारतको दिल्ली जानुभयो । त्यहाँ उहाँले तत्कालिन गृहमन्त्री राजनाथ सिंहलाई भटेर भनेका थिए, 'नेपाल भारतबीच बेटीरोटीको सम्बन्ध छ, दुई देशको बीचमा कुटनीतिक सम्बन्ध मात्र नभए पारिवारिक सम्बन्ध पनि रहेको छ तर आज एउटा परिवार पीडामा छ तपाईको बहिनीको छोराछोरी स्कूल जान पाएका छैनन्, राम्रोसँग खान पाएका छैनन्, कुटनीति सम्बन्धले मात्र होइन एउटा पारिवारीक तथा बेटीरोटीको सम्बन्धको बारेमा सोच्नुस् ।'

राजनाथ, भगतसिंह कोसयारीलगायत थुप्रै नेताहरुलाई रञ्जु ठाकुरले भेटेर नाकाबन्दी हटाउनका लागि पहल गर्नुभएको थियो । फर्किने बेलामा राजनाथ सिंहले भन्नुभएको थियो, 'आप जाइये, देखता हुँ क्या कर सकता हुँ ।' रञ्जु फर्केको एक हप्तापछि नाकाबन्दी हटाइएको थियो ।

**एमालेको १० औं महाधिवेशन**

२०७८ मंसिरमा चितवनमा एमालेको १०औं महाधिवेशन भएको थियो । सो महाधिवेशनबाट पार्टीको मुल कमिटीमा आउने रञ्जुको धोको थियो । महाधिवशेनमा चुनाव नै लड्ने मनस्थिति उहाँले बनाउनु भएको थियो तर पटकले यसपटक पनि उहाँलाई निर्वाचन समितिमा राखेर महाधिवेशनमा खटाइएको थियो । समितिबाट रञ्जुले राजिनामा दिने सोच बनाउनु भएको थियो तर एमाले अध्यक्ष केपी शर्मा ओलीले मनोनितबाट केन्द्रीय समितिमा ल्याउने आश्वासन पुनः दिनुभएको थियो । तर त्यो आश्वासन पुरा भएन । अनि रञ्जु ठाकुर पार्टीबाट असन्तुष्ट भएर सप्तरी आफ्नो गाउँ फर्किनुभयो । त्यही केही गर्ने सोचका साथ उहाँ सप्तरीमा बस्न थाल्नुभयो । त्यसबेलासम्म पार्टीका कोही पनि उहाँलाई सोध खोज गरेनन् । न केन्द्रका कुनै नेता, न जिल्लाका ।

राष्ट्रपति विद्यादेवी भण्डारीले उहाँसँग सम्पर्क गर्नुभएको थियो । 'तपाई जस्तो महिला यो पार्टीलाई चाहिन्छ, पार्टीमा के समस्या छ, त्यो म बुझ्छु तर फर्किनुस् पार्टीमा काम गर्नुस्', राष्ट्रपति भण्डारीले रञ्जुलाई पटक पटक पार्टीमा फर्किनका लागि आग्रह गर्नुभएको थियो । तर पार्टीमा के जिम्मेवारी दिने कसरी राख्ने जस्ता विषयमा कसैले केही सोचेनन् । राष्ट्रपति भण्डारीले पनि केही गर्न सक्नुभएन ।

रञ्जुलाई स्वभिमानमा असर गर्‍यो । भर्खर भर्खर पार्टीमा छिरेकाहरुलाई केन्द्रीय समिति मात्र होइन, स्थायी कमिटी पोलिटब्युरोसम्म लगेको

बाँकी पृष्ठ १२ मा

कृषक पाना

# केरा बेचेर वार्षिक २० लाख आम्दानी

कञ्चनपुरको कृष्णपुर नगरपालिका-५ सुदर्शनपुरका सुरेन्द्र चौधरीले व्यवसायिकरूपमा केरा खेती गरेको ११ बर्ष भयो । २०५२ मा समान्यरूपमा केरा खेती गर्दै आउनुभएका उहाँले २०६८ सालपछि तालिम लिएर व्यावसायिक रूप दिएपछि प्राप्त कमाइले कमाइ राम्रै हुँदै आएको बताउनुभयो ।

हाल आठ बिघा जमिनमा केरा खेती गरिरहनुभएका चौधरीले बार्षिक १६ लाखदेखि २० लाख रुपियाँसम्म आम्दानी हुने गरेको जानकारी दिनुभयो । "राम्रो मूल्य पाए सबै खर्च कटाएर बार्षिक बीस लाख रुपियाँसम्म आम्दानी हुन्छ", उहाँले भन्नुभयो, " केराबाट भएको कमाइले घर खर्च चलाउनेदेखि छोराछोरीलाई शिक्षामा लगानी गर्न पाउँदा म सन्तुष्ट छु ।" एक कठ्ठा जमिनमा केरा खेती गर्नुभएका चौधरीले अहिले केराको बेर्नासमेत उत्पादन गर्ने नर्सरी सञ्चालन गर्नुभएको छ । "चार/पाँच बर्षअघि नर्सरी बनाउँदा कृषि ज्ञान केन्द्रबाट दुई लाख रुपियाँ र कृष्णपुर नगरपालिकाबाट एक लाख रुपियाँ अनुदान मिलेको थियो ।" उहाँले "त्यो बाहेक केरा खेतीका लागि अहिलेसम्म कहिकतैबाट सहयोग वा अनुदान पाइएको छैन् ।" आठ बिघा जमिन लिजमा लिएबापत बार्षिक तीन लाख २० हजार रुपियाँ भाडा तिर्दै आउनुभएका चौधरीले उत्पादित केरा महेन्द्रनगर, धनगढी र अत्तरीयाका थोक व्यापारीले खरिद गर्ने गरेको जानकारी दिनुभयो ।

समयमै मल र सिँचाइको व्यवस्था भए प्रतिबिघा जमिनमा बार्षिक सात/आठ लाख रुपियाँसम्मको केरा उत्पादन हुन्छ तर बजार मूल्यमा हुने उतारचढावका कारण किसानहरू समस्या पर्ने गरेको उहाँले बताउनुभयो । "भारतीय केराको आयात रोकेर स्थानीय किसानलाई मात्रै सहज गराइदिए दुई बर्षमा केरा उत्पादक किसानको स्तर धेरै माथि आउँथ्यो ।" उहाँले भन्नुभयो, "पछिल्लो समय केरा उत्पादनमा लागेका किसान केराको बीमा नहुँदा चिन्तामा छन् ।" गत बर्ष केरा खेतीको बीमा भएपनि चालु आर्थिक बर्षमा बीमा कम्पनीले केराको बीमा गर्न आनाकानी गरिरहेको चौधरीको गुनासो थियो । " सामान्य हुरी आउँदा पनि केराका बोट ढल्छन्", उहाँले भन्नुभयो, " बीमा नहुँदा जोखिम बढेको छ ।" एसएलसीसम्मको अध्ययन गर्नुभएका चौधरीले केराबाट भएको आम्दानीबाट दुई छोरालाई स्तरीय शिक्षा दिन सकेकोप्रति खुसी व्यक्त गर्नुभयो । "केराकै कमाइले एउटा छोरा इन्जिनियरसम्म बन्यो", उहाँले भन्नुभयो, "सामान्य किसानको छोराले माथिल्लो तहसम्म अध्ययन गराउन सक्नु मेरा लागि ठूलै कुरो हो ।"

# कृषि प्रवर्द्धनका लागि कृषि उपकारण वितरण

कृषि ज्ञान केन्द्र धनुषाले साना सिँचाइ प्रवर्द्धन र कृषिको व्यवसायीकरणका लागि बर्सेनि लाखौं रुपैयाँ लागतका सिँचाइ उपकरण तथा कृषियन्त्र वितरण गर्दै आएको छ । केन्द्रका प्रमुख शङ्करप्रसाद साहले सिँचाइ सुविधा नपुगेका क्षेत्रमा सुविधा पुऱ्याउन र कृषक तथा कृषि मजदुरलाई उपकरण र कृषियन्त्र वितरण गरिँदै आएको जानकारी दिनुभयो । चालु आर्थिक वर्षमा करिब रु ८० लाख बराबरका साना सिँचाइ उपकरण र सोही रकम बराबरका कृषियन्त्र उपलब्ध गराइने बताउनुभयो । गत कात्तिकमा जारी सूचनाका आधारमा स्थानीय कृषक, कृषि समूह, कृषि सहकारी संस्था र कृषि उद्यमीबाट प्राप्त प्रस्तावअनुसार एक सय २५ जनालाई सिँचाइ मेसिन र उपकरण वितरण गर्न लागिएको उहाँले जानकारी दिनुभयो । "साना किसान तथा कृषक समूहलाई प्रोत्साहन गर्ने गरी ८० प्रतिशतसम्मको अनुदानमा सिँचाइ उपकरण सहयोग गर्न लागेका छौं", साहले भन्नुभयो, "यसअन्तर्गत स्यालो टयुबेल, मोटर पम्पसेट जडान तथा इनार निर्माणजस्ता कार्य हुनेछन् ।" उहाँले यसअघि सहयोग नपाएका अधिकांश किसानलाई छनोट गरेर सहयोग गर्न लागिएको उहाँको भनाइ छ । त्यसैगरी कृषक तथा कृषि मजदुरलाई लक्षित गरी कृषि गतिविधि र कृषिखेतीमा प्रयोग हुने उपकरण प्रदान गर्ने तयारी भइरहेको कृषि ज्ञान केन्द्रका कृषि अधिकृत प्रदीपकुमार यादवले जानकारी दिनुभयो । कृषियन्त्र सहयोगका लागि सार्वजनिक सूचना जारी गरी यही माघ २४ गतेसम्म प्रस्ताव सङ्कलन कार्य हुने उहाँले बताउनुभयो । कार्यालय प्रमुख साहले पनि यसरी उपलब्ध हुने उपकरणले किसानलाई कृषिको आधुनिकीकरणमार्फत व्यवसाय अभिवृद्धि र स्वरोजगार वृद्धिमा सघाउ पुग्ने अपेक्षा छ । अहिलेसम्म सहयोग नपाएका कृषकलाई प्राथमिकतामा राखी कृषि गतिविधि र कृषिकार्यमा प्रयोग हुने मिनीटिलर, पावर टिलरलगायत उपकरण ७५ प्रतिशतसम्म अनुदानमा उपलब्ध गराइने भएको छ ।

एक लाख १९ हजार हेक्टर भू-उपयोग क्षेत्रफल रहेको धनुषामा ७६ हजार पाँच सय ३१ हेक्टर खेतीयोग्य जमिन छ । त्यसमध्ये ३५ हजार एक सय २८ हेक्टर सिञ्चित जमिन छ । बाँकी क्षेत्रमा सिँचाइ सुविधा पुऱ्याउने उद्देश्यले यहाँ हरेक वर्ष कृषि ज्ञान केन्द्रलगायत निकायले उपकरण र कृषिको आधुनिकीकरण गरी व्यवसायीकरणका लागि कृषियन्त्र उपलब्ध गराउँदै आएका छन् । "हामीले हरेक वर्ष लाखौंका कृषियन्त्र तथा उपकरण उपलब्ध गराउँदै आएका छौं, तर त्यसको उपयोगिता के भइरहेको छ ? वास्तविक किसानले लाभ पाइरहेका छन् कि छैनन् भनेर हेर्नुपर्ने आवश्यकता छ", साहले भन्नुभयो, "हाम्रो अनुगमन संयन्त्रका अलवा स्थानीय समूह तथा सरोकारवालाले पनि गम्भीर चासो र निगरानी गर्नुपर्ने जरुरी छ ।

# बारामा आलु उत्पादनमा वृद्धि


बारामा यस वर्ष कृषकले विभिन्न जातको आलुखेती गरी कुल एक लाख २१ हजार ६२ दशमलव पाँच मेट्रिक टन आलु उत्पादन गरेका छन् । आलुखेतीका लागि मौसम अनुकूल भएको तथा शीतलहरबाट बचाउन कृषकले समय-समयमा औषधि छरेका कारण गत वर्षको तुलनामा यस वर्ष आलु उत्पादनमा वृद्धि भएको भएको कृषि ज्ञान केन्द्रका सूचना अधिकृत रामअसिष ठाकुरले जानकारी दिनुभयो ।

यस वर्ष आलु उत्पादनमा शुन्य दशमलव २५ प्रतिशतले वृद्धि भएको छ । कृषकले विभिन्न जातका आलु सात हजार चार सय ५० हेक्टर क्षेत्रफलमा खेती गरी प्रतिहेक्टर १६ दशमलव २५ मेट्रिक टनको दरले दुई अर्ब ४२ करोड १२ लाख ५० हजार मेट्रिक टन आलु उत्पादन भएको उहाँले जानकारी दिनुभयो । कलैया बजारमा अहिले आलु प्रतिकिलो २० देखि २५ रुपियाँमा बिक्री वितरण भइरहेको छ । गत वर्ष कृषकले विभिन्न जातका आलु सात हजार चार सय २० हेक्टर क्षेत्रफलमा खेती गरी प्रतिहेक्टर १६ मेट्रिक टनका दरले दुई अर्ब ३७ करोड ४४ लाख रुपियाँ बराबरको आलु उत्पादन गरेका थिए । एक लाख १८ हजार सात सय २० मेट्रिक टन आलु उत्पादन भएको केन्द्रले जनाएको छ ।

# प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना सुस्त

प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत धनुषामा सञ्चालित कार्यक्रम कार्यान्वयनमा उल्लेख्य सुधार हुन सकेको छैन । परियोजना कार्यान्वयन एकाइ धनुषाको अर्धवार्षिक प्रगति प्रतिवेदनअनुसार विगत छ महिनामा भौतिक प्रगति ४५ प्रतिशत भए पनि वित्तीय प्रगति भने २८ प्रतिशत मात्रै भएको पाइएको छ । जिल्लास्थित सरोकारवालासँग दोस्रो त्रैमासिक तथा अर्धवार्षिक प्रगति समीक्षा गर्न माघ ११ गते जनकपुरधाममा आयोजित कार्यक्रममा परियोजना कार्यान्वयन एकाइ धनुषाका प्रमुख वरिष्ठ कृषि अधिकृत युगल किसोर तिवारीले स्थानीय निकाय सक्रिय नहुँदा सोचेअनुसार प्रगति हुन नसकेको बताउनुभयो । उहाँले स्थानीय पालिकाले कार्यान्वयन गर्ने साना व्यावसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रमका गतिविधि समयमै सुरु नहुँदा यस्तो समस्या भएको बताउनुभयो ।

"जिल्लाका १८ पालिकामध्ये आधाले पनि समयमा कार्यक्रम सुरु गरेका छैनन्, कतिपय क्षेत्रमा 'सिजन' अनुसारका कार्यक्रम पनि समयमै सुरु भएको देखिएन", तिवारीले भन्नुभयो, "एकैपटक जेठ असारमा कार्यक्रम कार्यान्वयन गर्ने प्रवृत्तिले समस्या निम्त्याउँछ, यसले राम्रो सन्देश जाँदैन ।"



कार्यक्रम कार्यान्वयनका लागि सूचना प्रकाशन तथा भुक्तानी दिन बाँकी रहेकाले पनि कार्यक्रममा सुधार हुने आफूहरुको विश्वास रहेको र आगामी फागुनमा सबै स्थानीय तहका प्रमुखसँग छलफल गरेर यो समस्या समाधान गर्नेसमेत उहाँले बताउनुभयो ।

कार्यक्रममा सहभागी स्थानीय तहमा कार्यरत कृषि तथा पशु प्राविधिकले भने कर्मचारीको अभावलगायतका कारणले स्थानीय तहले कार्यक्रम कार्यान्वयनमा समस्या भोगिरहेको बताउनुभयो । उहाँहरुले हाल देखिएका समस्या समाधानका लागि नेतृत्व तहमै समन्वय तथा छलफलको आवश्यकता रहेकोमा जोड्दिनुभयो । सङ्घीय कृषि तथा पशुपन्छी विकास मन्त्रालयअन्तर्गत रहेको परियोजनाले तीन तहका संरचनामार्फत कार्यक्रम कार्यान्वयन गरिरहेको छ । जसअनुसार बृहत् व्यावसायिक कृषि उत्पादन तथा औद्योगिक केन्द्र (सुपर जोन) र व्यावसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) विकास कार्यक्रम सङ्घीय सरकारअन्तर्गत परियोजना कार्यान्वयन एकाइ, व्यावसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम प्रदेश सरकारको कृषि ज्ञान केन्द्र र व्यावसायिक कृषि उत्पादन केन्द्र (ब्लक) विकास कार्यक्रम स्थानीय तहमार्फत कार्यान्वयन भइरहेको छ ।

धनुषामा धान, माछा, तरकारी, पशुपालन, तेलहन दलहन खाद्यान्नको उत्पादन बढाउनका लागि सिँचाइ पूर्वाधार, कृषियन्त्र सहयोगलगायत बजारीकरणका लागि समेत सहयोग कार्यक्रम सञ्चालनमा छन् । यसका लागि धनुषामा चालु आर्थिक वर्षमा परियोजना कार्यान्वयन एकाइका लागि आठ करोड ६७ लाख १७ हजार र १८ वटा स्थानीय तहमार्फत हुने ४७ वटा पकेटका लागि चार करोड ६१ लाख रुपियाँ विनियोजन गरिएको छ । स्वदेशी लगानी र प्रविधिमार्फत कृषि उत्पादन बढाउने महत्वकांक्षी नीतिका रुपमा विसं २०७३ देखि देशभर लागू भएको यो १० वर्षे परियोजना विसं २०८३ सम्म सञ्चालन हुनेछन् ।







## समाचार/विविध

### स्वभिमानका...

थियो । तर रञ्जु करिब ३० वर्षदेखि त्यो पार्टीमा लाग्नु भएको थियो तर केन्द्रीय सदस्य समेत बनाउन चाहेनन् ।

**जसपामा प्रवेश**

यसरी असन्तुष्ट भएर जिल्लामा बस्न थालेपछि विभिन्न पार्टीका नेताहरु रञ्जुको सम्पर्कमा गए । आआफ्ना पार्टीमा आउनका लागि आग्रह गरे तर उहाँले कसैलाई कुनै अश्वासन दिनुभएन । कुनै एउटा कार्यक्रममा भाग लिनका लागि उहाँ जनकपुर पुग्नुभएको थियो । त्यहाँ उहाँको सम्पर्क भोगेन्द्र ठाकुरसँग भएको थियो । भोगेन्द्र ठाकुरले जसपामा आउन आग्रह गर्नुभएको थियो । मधेशका लागि नै काम गर्ने हो भने मधेशवादी दलको साथमा रहेर काम गर्दा राम्रो हुने र अहिले त्यसमध्ये सबभन्दा राम्रो जसपा नेपाल रहेको सुझाव भागेन्द्र झाले दिएका थिए ।

त्यही दिन लगभग जसपाको बारेमा सोच्न उहाँ बाध्य हुनुभएको थियो । त्यसपछि जसपाका अध्यक्ष उपेन्द्र यादव स्वयं रञ्जुको ठाकुरको घरसम्म पुग्नुभएको थियो । उपेन्द्र यादव घर पुगेर रञ्जुलाई कन्भिन्स गर्नुभएको थियो । २०७८ चैत २१ गते जसपा नेपालमा उहाँ प्रवेश गर्नुभयो । पार्टीमा प्रवेश गरेलगत्तै स्थानीय तहको चुनाव भयो । त्यसमा रञ्जु ठाकुर निकै मेहनत गर्नुभयो । त्यसको राम्रै परिणाम पनि आयो । जसपाको संगठन विस्तारलगायत पार्टीले दिएको जिम्मेवारीमा खट्न थाल्नुभयो । मंसिर ४ गते सम्पन्न चुनावमा पनि उहाँ आफ्नो क्षेत्रमा पार्टीका लागि निकै मेहनत गर्नुभयो । तर अपेक्षा गरे अनुसार परिणाम आउन सकेन । उहाँ भन्नुहुन्छ, 'पार्टीको आन्तरिक द्वन्द र व्यवस्थापकीय कमजोरीका कारण चुनावमा जसपा कमजोर भयो ।' पार्टीले उहाँलाई समानुपातिकबाट प्रतिनिधि सभा सदस्य पनि बनायो ।

**विदेश भ्रमण**

उहाँ एमालेमा हुँदा अनेम संघको माध्यमबाट बंगलादेश, श्रीलंका, चीन, अजरबैजान, इण्डोनेसियाको भ्रमण गर्नुभयो । संसदको समिति सभापति हुँदा उहाँ अमेरिका, थाइल्याण्ड, मलेसियालगायतका देशको भ्रमण गर्नुभयो । पारिवारीक भ्रमणका लागि उहाँ जर्मन पनि जानुभएको छ भने एक संस्थाको गोष्ठीका लागि उहाँ क्यानेडा पनि जानुभएको छ ।

**शिक्षा**

सप्तरीको चनौरा परियास्थित महाकवी देवकोटा निमाविमा सात कक्षासम्म पढ्नु भएका रञ्जु केसु अनुद्धवती माविमा राजविराजबाट २०३९ मा एसएलसी पास गर्नुभयो । महेन्द्र विन्देश्वरी बहुमुखी क्याम्पसबाट आइए, आइएल, बीए, बीएलसम्म अध्ययन गर्नुभएका रञ्जु २०५६-५७ मा काठमाडौंको त्रिविबाट एमएसम्म अध्ययन गर्नुभएको छ । आइएको फर्स्ट इयरमा अध्ययन गरिहँदा रञ्जुको विहे तिलाठीका मिहिरकुमार ठाकुरसँग २०४० सालमा भयो । विहेपछि पनि उहाँले पढाईलाई निरन्तरता दिनुभयो । पढाई चलिरहेकै बेला विहे उहाँको विहे भयो । त्यही भएर उहाँका बुवा रमाकान्त झा र आमा सुधादवी झाले आफ्नो ज्वाई र सम्धीलाई भनेर रञ्जुको पढाईलाई निरन्तरता दिन लगाउनु भएका थियो । रञ्जुको बुवाले भनेर पढाईलाई निरन्तरता दिएको होइन । रञ्जुका ससुरालमा पनि सबै पढे लेखेका भएका कारणले पढाईप्रति कसैको कुनै रोकटोक थिएन ।

रञ्जु कलेज पढ्न जाँदा घरका सबै काम सकाएर जानुहुन्थ्यो । परीक्षाका समयमा त परीक्षा दिएर फर्केपछि उहाँ घरमा खाना पकाउनु हुन्थ्यो, 'मेरो पढाईका कारण घरमा कुनै डिस्टर्व थिएन, घरको सबै काम सकाएपछि मात्र पढाई गर्थे त्यही भएर कहिले काहीं त्यसले मेरो पढाईलाई प्रभावित पार्ने काम पनि गर्‍यो ।' बच्चा जन्मेपछि झन उहाँको पढाईमा ब्रेक नै लाग्यो । ब्याचलर अलि ढिलो गर्नुभयो । रञ्जु भन्नुहुन्छ, 'मेरो पढाईमा सबभन्दा महत्वपूर्ण सहयोग मेरो हजुरबुवा विश्वनाथ झाको थियो । उहाँले मलाई पढाउनका लागि सुझावहरु दिइरहनु हुन्थ्यो ।' जागिरको शिलशिलामा श्रीमान काठमाडौं आउने भएपनि रञ्जु पनि बालबच्चासहित काठमाडौं आउनुभयो । श्रीमान प्रोफेसर हुनुहुन्थ्यो । काठमाडौंका लागि पुग्नेगरि आर्थिक व्यवस्थापन भइरहेको थिएन । त्यहीं कारणले रञ्जु पनि ज्वागलको एउटा बोर्डिङ स्कूलमा पढाउन थाल्नुभयो । त्यहाँ महिनाको १४ सय रुपियाँ मात्र दिएको थियो । रञ्जुलाई तलबमा चित्त बुझेको थिएन । त्यही बेला घरमा एकजनाको निधन भएको कारण उहाँ घर जानुभयो । घरबाट फर्केपछि उहाँ त्यो स्कूलमा जानुभएन । त्यसपछि उहाँ नाइटिङ्ग स्कुलमा पढाउन थाल्नुभयो । त्यहाँ उहाँको तलब तीन हजार रुपियाँ थियो । त्यहाँ लगातार दुई वर्षसम्म काम गर्नुभयो । आर्थिक अवस्था राम्रो नभएको कारणले जेठा छोरालाई सरकारी स्कूलमा नै पढाउनुभयो । एसएलसीपछि विभिन्न स्कलरसीपमा उहाँका छोराहरु कलेज उच्च शिक्षा लिनुभयो । आर्थिक अवस्था यस्तो खराब थियो कि छोराहरुलाई पाँचसय रुपियाँ दिन पनि गाह्रो भइरहेको थियो । बस भाडा नहुँदा पैदल पनि हिड्नु भएको छ । खाट नहुँदा भूईमै सुतेर रात बिताउनु हुन्थ्यो । यहाँसम्म कि आफ्नो पकेट खर्चका लागि रञ्जुका छोराले होमट्युशन पढाउनु हुन्थ्यो । श्रीमान मिहिरको पनि आम्दानीको स्रोत बढ्न थाल्यो । त्यसपछि रञ्जु स्कूल छाडेर उहाँ घरमै बालबच्चाको देखभालमा बस्न थाल्नुभयो । उहाँ ल पढेको कारण प्रिंलिडरको लाइसेन्स लिनुभएको थियो । ल्याक भन्ने संस्थामा उहाँ स्वयंसेवकको रुपमा काम गर्नुभयो । त्यहाँ उहाँले लिगल प्रोसेसको बारेमा अध्ययन गर्नुभयो, बुझ्नुभयो । पाँच वर्षसम्म त्यहाँ बिना तलब काम गर्नुभयो । त्यसले उहाँलाई धेरै कुराको ज्ञान दियो ।

विस्तारै विस्तारै राजनीतिमा पनि सक्रिय हुन थाल्नुभयो । एमाले पार्टीका अनेम संघमा आवद्ध भएर राजनीतिमा सक्रिय हुनुभयो । घरको हेरचाह, बालबच्चाको हेरचाहका साथै राजनीतिमा पनि उहाँले फुलटाइम नै दिन थाल्नुभयो । र, अहिलेसम्म उहाँले राजनीतिलाई नै निरन्तरता दिइरहनु भएको छ । उहाँका दुई छोरा छन् । माधव प्रकाश ठाकुर स्विटजरल्याण्डको वर्न युनिभर्सिटीमा प्रोफेसर हुनुहुन्छ भने कान्छो छोरा राधवप्रताव ठाकुर काठमाडौंमा रिसार्टको विजेशन गरिरहनु भएको छ ।

### बेलाबेला...

लेखाई तथा जागिरको खोजीमा उहाँ लाग्नु हुन्थ्यो ।, २०७१ मा रमिता श्रीमानले गोल्डेन रोज सहकारीमा जागिर पाउनुभयो । त्यहाँ महिनाको ६ हजार रुपियाँ दिन्थ्यो । त्यही बेला रमिताले छोरी प्रगती यादवलाई जन्म दिनुभयो । त्यही वर्ष उहाँले बीएड पनि पास गर्नुभयो । आर्थिक भारका साथै जिम्मेवारी पनि थपियो । छोरीको पालन पोषण र रेडियो नेपालमा रमिता सिमित हुनुभयो । साँझ सातवजेदेखि राती १० वजेसम्म छोरीलाई हेरचाह गर्ने जिम्मा उहाँको श्रीमानको थियो । दिनमा रमिताले आफै हेर्नुहुन्थ्यो । कहिले काहीं कतै कुनै कार्यक्रममा जाँदा श्रीमानको जिम्मा छाडेर जानुहुन्थ्यो । एकदिन रमिता रातीको ड्युटीमा हुँदा यता डेरामा छोरीको अनुहारमा दूध पोख्यो । अनुहारको आधा भाग पोलेको थियो । खबर भएपछि हतपत रेडियो नेपालको गाडीमा अस्पतालमा लगेर उपचार गरायो । रमिता भन्नुहुन्छ, 'त्यो दिनको जस्तो तनाव जिन्दगीमा कहिले भएको थिएन, संयोग अफिसले त्यही दिन तलब दिएको थियो । खासै समस्या भएन । अफिसका साथीहरुले पनि केही सहयोग गर्नुभएको थियो ।' बेलाबेलामा तलबको वृद्धि भएपनि आर्थिक अवस्थामा सुधार भएको थिएन । रमिताको नाना मन्त्री पदबाट हटेपछि डेरामा सर्नुभएको थियो । डेरा भाडा तिर्न समस्या हुँदा रमिता आफ्नो नानासँग बस्न थाल्नुभएको थियो । त्यतिबेला सुरेन्द्र एउटा मेनपावरमा काम गर्नुहुन्थ्यो । एकदिन बैंकमा राख्न नसकेको एकलाख रुपियाँ डेरामा नै लिएर आएको थियो । राती त्यो रुपियाँ घरबाटै चोरी भएको थियो । रमिता त्यतिकै तनावमा हुनुहुन्थ्यो त्यसमा झन थपिदै गइरहेको थियो । रेडियोमा काम गर्न थालेपछि उहाँले जीवनका धेरै कुरा सिक्नुभयो । सबभन्दा ठूलो कुरा जीवन के हो त्यसको अनुभव गर्नुभयो । समाजमा खुल्ने मौका दियो । त्यहाँबाट समाजसँग भलाकुसारी गर्ने बाटो बन्यो ।

**कालाकारीतामा प्रवेश**

रेडियो नेपालमा 'हरवाह चरवाह' रेडियो नाटक सुरु भएको थियो । त्यसमा काम गर्ने मौका रमिताले पाउनु भएको थियो । रमिताको कामको तारिफ भयो । रमिताको कामको प्रशंसा बाहिर पनि हुन थाल्यो । एन्टेना फाउण्डेशनले सुरु गरेको 'चोचा के खोता' रेडियो नाटकमा पनि काम गर्ने मौका पाउनुभयो । विभिन्न अडियो विज्ञापनमा पनि उहाँले मैथिली र भोजपुरीमा काम गर्नुभयो । एउटा सर्ट नेपाली फिल्मलाई मैथिली र भोजपुरी भाषामा डविङ गर्नुभयो ।

विभिन्न एनजीयो, आइएनजीयोबाट कामको अफर आउन थाल्यो । तर पैसा खासै हुँदैन्थ्यो । तैपनि केही सिकिन्छ र जानिन्छ भनि कम दाममा पनि उहाँले जे जे काम आए सबै गर्दै जानुभयो । फेसबुकमा मिसेज नेपाल ग्ल्यामर्स कार्यक्रमका विज्ञापन उहाँले हेर्नुभयो । त्यसमा पनि उहाँले भर्नुभयो । उहाँलाई अडिसनका लागि बोलायो । तपाई यसमा भाग किन लिन चाहनु भएको छ भनि प्रश्न उहाँलाई गरिएको थियो । त्यसको जवाफमा रमिताले 'म मधेशमा उदाहरण बन्न चाहन्छु, मधेशका लागि केही गर्न चाहन्छु, अहिले पनि मधेशमा छोरी बेटीलाई घरबाट निस्किन दिइरहेको छैन, म यो कार्यक्रममा भाग लिएर यो कुराको सन्देश दिन चाहन्छु कि मधेशका छोरीले पनि केही गर्न सक्छ' भनि जवाफ दिनुभएको थियो । उहाँ त्यही जवाफका कारण छनौट हुनुभयो । फर्स्ट रनरअप हुनुको साथै मोस्ट डिसिपिलिनको अवार्ड पनि पाउनुभयो । त्यसले रमिताको पहिचानलाई झन बढायो । त्यसपछि कलाकार सरिता साहले उहाँलाई फोन गरेर 'ढकिया मे नागरिकता' नाटकमा अभिनय गर्न आग्रह गर्नुभयो । सरिता र रमिता बीच एन्टिना फाउण्डेशनमा चिनजान भएको थियो । सरिताको त्यो आग्रह रमिताले सहस्र स्विकार गर्नुभयो ।

**डिप्रेशन रमिता**

त्यो नाटकमा उहाँले काम गर्नुभयो । यसरी थियेटरमा अभिनय गर्नु उहाँको पहिलो थियो । पहिलो नाटकबाट उहाँले दर्शकको मन जित्नुभयो । नाटक खेल्न थालेपछि रमितामा रहेको डिप्रेशनको समस्या पनि आफै हरायो । वीरगञ्जबाट काठमाडौ आएपछि तनावका कारण रमिता डिप्रेशनमा जानुभयो । डाक्टरलाई देखाउँदा तनाव नलिन भन्थे तर तनाव नलिने सम्भव थिएन । काठमाडौंले रमितालाई डिप्रेशनको रोगी बनाई दियो । उहाँ औषधी खान थाल्नुभएको थियो । तर नाटक खेल्न थालेपछि उहाँको डिप्रेशन पनि हट्यो । यो कुराको सेयर उहाँले सरिता साहसँग पनि गर्नुभएको थियो ।

त्यसपछि पत्रकारिता र कलाकारितालाई सँगसँगै लग्ने अठोट उहाँले लिनुभयो । २०७५ मा गजेन्द्र नारायण सिंह स्मृति प्रतिष्ठान र नेपाल यादव सेवा समितिबाट सम्मानित हुनुभएका रमिता रेडियो नेपालमा साँझ पाँच बजेदेखि राती १० बजेसम्म ड्युटी गर्नुहुन्छ । त्यसबाहेको समय उहाँले कलाकारीतालगायत अन्य क्षेत्रमा दिने सोच बनाउनुभयो । एलएलबी पढ्दै गर्नुभएका रमिताले हालै एनएमबी बैंक र स्प्राइटका विज्ञापनमा काम गर्नुभएको छ । अन्य प्रोजेक्टहरुमा पनि संलग्न हुनुभएको छ । अहिले उहाँको छोरी प्रगति यादव आठ वर्षकी भएकी छिन् । दुई कक्षामा पढ्दैछिन् ।

**घरायसी टर्चर**

रमिताले नाम र दाम दुवै कमाउन थालेपछि घरायसी समस्या सुरु भयो । श्रीमान बेरोजगार हुनुहुन्थ्यो । कम तलबमा सहकारीमा काम गर्नुहुन्थ्यो । त्यहाँबाट रमिताको नामबाट १२ लाख रुपियाँ लिएर लहानमा जग्गा किन्नुभयो । त्यो जमिन किनका लागि रमिताले भन्नुभएको थिएन तर त्यो १२ लाख आफूले नै तिर्ने भनि सुरेन्द्रले रमितालाई कन्भिन्स गर्नुभएको थियो । तर रमिताको श्रीमानले ब्याज समेत तिरिरहेको थिएन । त्यो विषय लिएर रमिता र सुरेन्द्रमा खटपट सुरु भयो ।

काम गर्दा गर्दै सुरेन्द्र गाउँ जानुभयो । छ महिनासम्म फर्किनु भएन । रमिता एक्लै काठमाडौँमा छोरी र जागिर सम्हाल्नु भयो । त्यसपछि रमिता सहकारीमा गएर कुरा बुझ्दा त त्यहाँ १२ लाख मात्र होइन, उहाँका श्रीमानले थप १७ लाख रुपियाँ पनि त्यो सहकारीबाट उठाउनु भएको रहेछ । त्यसको एक किस्ता पनि तिर्नुभएको छैन । ती सबै रकम रमिताको नामबाट लिनुभएको रहेछ । रमिताको डिप्रेशन फेरि सुरु भयो । पछि श्रीमान काठमाडौं आएपछि त्यही विषयलाई लिएर पटक पटक दुवैजनामा झगडा हुन्थ्यो । रमिताले काठमाडौँमा आफ्नो घर व्यवहार चलाउने कि सहकारीको पैसा तिर्ने भनि तनावमा पर्नुभयो । रमिता पनि सहकारीको पैसा तिर्ने अवस्थामा हुनुहुन्न । उहाँको श्रीमानले त झन के तिर्नुहुन्छ । सहकारीको अवस्था राम्रो छैन । रमिताको श्रीमानलाई छ महिनादेखि तलब पनि दिएको छैन् । त्यो सहकारीको तनावले रमितालाई बेलाबेलामा पिरोली रहेको हुन्छ तर समाधान कसरी गर्ने त्यसको उपाय सामुने आइरहेको छैन ।


**व्यक्तिगत घटना समयमा नै दर्ता गराऔं ।**

- जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद तथा बसाईसराई जस्ता व्यक्तिगत घटना समयमा नै दर्ता गरौं गराऔं ।
- व्यक्तिगत घटना दर्ता व्यक्ति पहिचानको पहिलो आधार हो ।
- यस्ता घटना ३५ दिनभित्र स्थानीय पञ्जिकाधिकारीको कार्यालय (वडा कार्यालय) मा निःशुल्क रुपमा दर्ता गर्न सकिन्छ ।
- विकासका योजना तर्जुमा गर्न, राज्यबाट नागरिकलाई प्रदान गरिने सेवा सुविधा सुनिश्चित गर्न, जनसंख्याको विवरण अद्यावधिक लगायतका कार्यका लागि व्यक्तिगत घटना दर्ता आवश्यक छ ।

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**






**प्रकाशक** : लाली यादव, **सम्पादक** : सुनैनाकुमारी यादव, **मधेश प्रदेशका संयोजक** : भोला यादव, **कार्यालय** : कोटेश्वर, काठमाडौं, **फोन नं.** : ९८४१४५८८०३, PAN : 609502305,
Email : saharatimes.com.np@gmail.com, Web : www.saharatimes.com.np **ले-आउट** : सहारा टाइम्स डेस्कटप, **मुद्रण** : पारू अफसेट प्रेस, डिल्लीबजार